# मेरो मण्डली र अरुहरुको

## इभान्जलिकल लुथरन चर्चको अरु सम्प्रदायहरुबाट छुट्टाइएको शिक्षाहरुको सार

## छैठौं संस्करण

जोन थियोडोर मूलर

## १. पवित्र धर्मशास्त्रहरुको बारेमा

**हामी विश्वास गर्छौं** क) संसारका अरु सबै लेखहरुको भिन्नता हेर्दा पवित्र धर्मशास्त्र परमेश्वरको वचन हो किनभने पवित्र लेखकहरुले ती आफ्नै अनुसार लेखेनन्, तर पवित्र आत्माको प्रेरणाद्धारा लेखे, ख) पवित्र धर्मशास्त्रहरु परमेश्वरको वचन हुन भनेदेखि त्यसमा कुनै प्रकारको त्रुटी वा खण्डन भेटिँदैन, तर त्यो शुरुदेखि अन्तसम्म अचूक सत्य छ, ग) पवित्र धर्मशास्त्र एकमात्र स्रोत हो जसबाट मण्डलीमा सिकाइने सबै सिद्धान्त लिनुपर्छ र एकमात्र अचूक स्तर र नियम हुनुपर्छ जसबाट सबै सिद्धान्त र शिक्षाहरु अनुमान लगाउनुपर्छ ।

क) २तिमोथी ३:१६-१७ "सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रुपले सुसज्जित भई सिद्ध भएको होस् ।"

२पत्रुस१:२१, किनकि मानिसको इच्छाबाट कुनै अगमबाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् ।

(यूहन्ना १७:८ किनभने जुन वाणी तपाईले मलाई दिनुभयो, मैले तिनीहरुलाई दिएको छु, )

(१कोरिन्थी२:१३ जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरुको बुद्धिले सिकाएका शब्दहरुमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार हामी आत्मिक शब्दहरुमा आत्मिक सत्यताहरुको अर्थ खोल्दछौं ।)

ख) यूहन्ना १०:३५ख धर्मशास्त्र भङ्ग हुन सक्दैन ।

यूहन्ना १७:१७ तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।
ग) एफिसी२:२० त्यो घराना प्रेरितहरु र अगमवक्ताहरुको जगमाथि बसालेर निर्माण भएको छ, र खीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ ।

१पत्रुस४:११ यदी कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् ।

यूहन्ना५:३९ तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भन्ने तिमीहरु ठान्छौ । मेरो बिषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

नोटः धेरै ठूला सम्प्रदायहरु आज सिद्धान्तको ठूलो महत्वको सम्बन्धमा तिनीहरु जोडिदैनन्, अनि तिनीहरुले केमा विश्वास प्रकट गर्न चाहन्छन् त्यो निश्चित गर्न गाह्रो हुन्छ ।

१. एपोक्राइफाका पुस्तकहरु र "फादरहरुका परम्पराहरु" विश्वासका स्रोत र मानदण्ड हो । रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च । व्यवस्था४:२, लुका१६:२७, यूहन्ना८:३१,३२ । (मर्कुस७:१३, कलस्सी२:८)

२. "नयाँ प्रकाशहरु" पनि विश्वासको स्रोत र मानदण्ड होः मार्डन सेक्टारियन चर्च, साल्भेसन आर्मी, मर्मन(मर्मनको पुस्तकमा भएको प्रकाश), सेकर्स(एन लीको विशेष प्रकाश), चर्च अफ न्यू जेरुशलेम(स्वीडेनवर्गको प्रकाश), स्पिरिटिस्ट(आत्मिक संसारबाट नयाँ प्रकाश), ख्रीष्टियान साइन्टिस्ट(श्रीमति मेरी बेकर जी. इडिको "साइन्स एण्ड हेल्थ"), ख्रीष्टियान क्याथोलिक चर्च इन जायोन (वा डोविटिज), हिब्रु१:१२, गलाती१:८, मत्ती२८:१९,२०, २तिमोथी३:१५-१७, लुका१६:३१ ।

३. पवित्र धर्मशास्त्रहरु कारणमा सहमत भएको खण्डमा मात्रै विश्वासको स्रोत र मानदण्ड हुन्: यूनिटरियन्स, यूनिभर्सलिस्ट, ऱ्यास्नलिस्ट, मोर्डनिस्ट, आदी । १कोरिन्थी १:२१, कलस्सी२:८, २कोरिन्थी १०:५, १कोरिन्थी२:४,५,१४, (१तिमोथी६:२०-२१)

४. पवित्र धर्मशास्त्रहरु परमेश्वरका वचन होइनन् तर यसमा परमेश्वरको थोरै वचन छः यूनिटरियन्स, ऱ्यास्नलिस्ट, क्वेकर्स, आधुनिक साम्प्रदायिक चर्च, (धेरै सम्प्रदायहरुमा मोर्डनिस्ट) मत्ती५:१८,१९, (१कोरिन्थी१५:५४ ग्रीकः वचन जुनचाहिँ लेखिएकोछ ।)

५. धर्मशास्त्रमा भएका सबै प्रेरणा दिइएको होइन, तर पवित्र लेखकहरुले त्रुटी गर्न सक्छन् । यूनिटरियन्स, ऱ्यास्नलिस्ट, स्पिरिटिस्ट, चर्च अफ न्यू जेरुशलेम, (कंग्रीगेसनल) ख्रीष्टियान चर्च, आधुनिक साम्प्रदायिक मण्डलीहरु । हिब्रु४:१२, यूहन्ना१२:४८, गलाती६:१६, (हितोपदेश३०:६, मत्ती४:४, २पत्रुस१:१६) ।

६. धर्मशास्त्र अपूरो छः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, सेकर्स, मर्मन, कि तिनीहरु अस्पष्ट छन् र मण्डलीले अर्थ बताउनु आवश्यक छ(रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च) वा भित्री ज्योतिको (क्वेकर्स, मेनोनाइट), वा ख्रीष्टियान विज्ञान ( ख्रीष्टियान साइन्टिस्ट), वा मानिसको कारणहरु (ख्रीष्टियान चर्च, यूनिटरियन्स, यूनिभर्सलिस्ट,

अर्मेनियन्स, मोर्डनिस्ट) भजनसंग्रह११९:१०५, १३०, २कोरिन्थी४:३,४, यूहन्ना२०:३१, यूहन्ना५:३९, (एफिसी३:३-४, भजनसंग्रह१९:८)

७. पवित्र धर्मशास्त्रहरुमा जीवित बनाउने र पापीहरुलाई परिवर्तन गर्ने शक्ति छैनः क्वेकर्स, क्याल्भिनिस्टिक चर्च, कंग्रीगेसनलिस्ट, प्रेस्बिटरियन्स, मेथोडिस्ट, क्याम्पबेलाइट्स (ख्रीष्टका चेलाहरु), मोर्डनिस्ट, यूहन्ना६:६३, रोमी१:१६, याकूब१:२१, यूहन्ना१७:२०

८. पवित्र धर्मशास्त्रहरु साधारण मानिसहरुले पढ्न निषेध गरिनुपर्छः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, मत्ती२३:१३, १थिस्सलोलिकी५:२७, यूहन्ना५:३९, २तिमोथी३:१५

***नोटः*** यी मध्ये धेरै झूटा सिद्धान्तहरु अरु सम्प्रदायहरुमा पनि सिकाइन्छ । हाम्रो युग हेतुवादी छ, र आजका केहि मण्डलीहरुले मात्रै शाब्दिक र पूरा प्रेरणाको सिद्धान्त सिकाउँछन् ।

***नोटः*** यो सिद्धान्त अझै खडा हुन्छ, रोमन पुजाहारीहरुले प्रोटेस्टेन्ट प्रतिस्पर्धा सामना गर्न, आफ्ना मानिसहरुलाई "मण्डली"द्धारा अनुवाद र टिप्पणी गरिएका बाइबल पढ्न आग्रह गरे ।

## २. परमेश्वरको प्राकृतिक ज्ञानको बारेमा

**हामी विश्वास गर्छौं** क) सबै मानिसमा प्रकृतिबाट नै परमेश्वर सम्बन्धि प्राकृतिक ज्ञान हुन्छ, ख) यो प्राकृतिक ज्ञान परमेश्वरको कामहरुद्धारा मात्रै प्रकृतिमा प्राप्त हुँदैन, तर मानिसको आफ्नै विवेकबाट पनि प्राप्त हुन्छ किनभने परमेश्वरले मानिसहरुको हृदयमा व्यवस्था लेखिदिनुभएको छ । ग) तर यो प्राकृतिक ज्ञान मुक्तिको लागि पर्याप्त छैन ।

क) रोमी १:१८-२० स्वर्गबाट परमेश्वरको क्रोध ती मानिसहरुका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध प्रकट भएको छ, जसले सत्यलाई तिनीहरुको अधर्मले दबाइराखेका छन् । परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरुमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाइदिनुभएको छ ।

ख) रोमी २:१४,१५ किनकि व्यवस्था नहुने अन्यजातिहरु स्वभावैले व्यवस्था अनुसार काम गर्दछन् भने, तिनीहरुको व्यवस्था नभए तापनि तिनीहरु आफ्ना निम्ति आफै व्यवस्था हुन्छन् । व्यवस्थाले चाहेका कुराहरु आफ्ना हृदयमा लेखिएका तिनीहरु देखाउँछन्, र तिनीहरुको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरुका विचारहरुले कहिले तिनीहरुलाई दोष्याउँछन् र कहिले समर्थन गर्छन् ।

ग) रोमी १०:१७ जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।

यूहन्ना १७:३ अब अनन्त जीवन यही हो, कि तिनीहरुले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून र तपाईलाई पठाउनुभएको येशू खीष्टलाई चिनून् ।

प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन किनकि मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।
हेर्नुहोस्: एफिसी २:११,१२, रोमी १६:२५, १कोरिन्थी १:१८-३०

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१) मानिस प्रकृतिबाट परमेश्वरको ज्ञान रहित हुन्छ । यूनिटरियन्स्, मर्मन । प्रेरित १७:२७, भजनसंग्रह ९४:९, भजनसंग्रह १०:१-३
२) मानिस सुसमाचारको प्रकाशित ज्ञान बिना उसको प्राकृतिक ज्ञानबाट बचाइन सक्छ : क्वेकर्स, अर्मेनियन, यूनिटरियन, यूनिभर्सलिस्ट, चर्च अफ न्यू जेरुशलेम, साल्भेसन आर्मी, क्याल्भिनिस्टिक चर्च, मोर्डनिस्ट, यूहन्ना १:१८, यूहन्ना १७:३

**नोटः** यो त्रुटी एकदम धेरै सामान्य छ, र यो लजरीबाट पनि फैलाइएको छ जसको नारा चाहिँ "जो कोहि ले आफूले गर्नसक्ने धेरै असल काम गर्छ भने बचाइन सक्छ" हो । आधुनिक उदारबादीहरुहरुले यो त्रुटी फैलाउन धेरै काम गरेका छन् ।

## ३. परमेश्वरको बारेमा

**हामी विश्वास गर्छौं** क) पवित्र त्रिएकत्वको बारेमा उत्कृष्ट लेख, त्यो चाहिँ, एक साँचो परमेश्वर पिता, पुत्र र पवित्र आत्मा, तीन भिन्न ब्यक्तित्वहरु, एउटै ईश्वरीय सार, शक्तिमा समान, अनन्तता, र सार्वभौमसत्ता, किनभने एकजना ब्यक्तिमा सबै ईश्वरीय सार हुन्छ ख) यो विश्वासको लेख आधारभूत भएको हुनाले, सबै शिक्षकहरु र सम्प्रदायहरु जसले पवित्र त्रिएकत्वको सिद्धान्तलाई इन्कार गर्छन् तिनीहरु खीष्टियान चर्चको बाहिर हुन्छन् र तिनीहरुको मुक्तिको कुनै आशा नै हुँदैन ।

क) १कोरिन्थी ८:४ एक परमेश्वरबाहेक अरु छैन ।

मत्ती २८:१९ यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।
यूहन्ना १०:३० पिता र म (येशू) एक हौं ।

ख) १यूहन्ना २:२३ पुत्रलाई इन्कार गर्ने कुनै मानिसमा पिता हुनुहुन्न । जसले पुत्रलाई स्वीकार गर्छ त्यससँग पिता हुनुहुन्छ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१) परमेश्वर भौतिक प्राणी हुनुहुन्छ र आत्मा होइन । मर्मन, सेभेन्थ डे एडभेन्टिस्टः यूहन्ना ४:२४, (यशैया ५७:१५)

२) परमेश्वर मात्रै अनन्तको प्राणी होइन तर परमेश्वरबाहेक अरु पनि अनन्त प्राणीहरु छन्: यूनिटरियन, मर्मन, भजनसंग्रह ९०:२, रोमी ११:३६ (यूहन्ना १:१-३)

३) परमेश्वरलाई हुन आउने सबै कुराहरु थाहा छैन । यूनिटरियन, हिब्रु ४:१३, भजनसंग्रह १३९:१

४) परमेश्वर सर्वव्यापी हुनुहुन्नः यूनिटरियन, अर्मेनियन, मर्मन, सेभेन्थ डे एडभेन्टिस्ट । प्रेरित १७:२७, २८ यशैया ६:३, (भजनसंग्रह १३९:७-१३)

५) परमेश्वर त्रिएक हुनुहुन्नः यूनिटरियन, युनिभर्सलिस्ट, चर्च अफ न्यू जेरुशलेम, क्वेकरर्स, मर्मन, सेकरर्स, सेभेन्थ डे एडभेन्टिस्ट, स्पिरिटिस्ट, रसेलाइट, खीष्टियान साइन्टिस्ट, मोर्डनिस्ट । (यूहन्ना ३:३६, ५:२३, १यूहन्ना ५:१२)

६) पुत्र, पिता र पवित्र आत्मा जस्तै ईश्वरीय सार भएको साँचो र उही परमेश्वर होइनः अर्मेनियन, यूनिटरियन, यूनिभर्सलिस्ट, चर्च अफ न्यू जेरुशलेम, क्वेकर्स, मर्मन्स, सेकर्स, सेभेन्थ डे एडभेन्टिस्ट, स्पिरिटिस्ट, रसेलाइट्स, खीष्टियान साइन्टिस्ट, मोर्डनिस्ट, लजरी यूहन्ना १०:३०, यूहन्ना १४:९, यूहन्ना २०:२८, रोमी ९:५, १यूहन्ना ५:२०

७) पवित्र आत्मा पिता र पुत्र जस्तै समान ईश्वरीय सार भएको सत्य र उही परमेश्वर होइनः अर्मेनियन, यूनिटरियन, यूनिभर्सलिस्ट, चर्च अफ न्यू जेरुशलेम, क्याम्पेबलाइट्स, क्वेकर्स, मर्मन्स, सेकर्स, सेभेन्थ डे एडभेन्टिस्ट, स्पिरिटिस्ट, खीष्टियान साइन्टिस, मोर्डनिस्ट । प्रेरित ५:३,४, १कोरिन्थी३:१६, २कोरिन्थी १३:१३

८) पवित्र आत्मा पुत्र त्यसै गरी पिताद्धारा चल्नुहुन्न । इस्टर्न अर्थोडक्स चर्च, इर्भिंगाइट्स, ओल्ड क्याथोलिक्स, मोराभिन ब्रेदरेन । यूहन्ना १५:२६, गलाती ४:६, यूहन्ना १६:१४,१५

***नोटः*** मोर्डनिस्ट वा लिबरलिस्टहरु, विचारवादी हुन्, जसले बाइबललाई विश्वास गर्दैनन् तर तिनीहरुको अन्धा तर्कहरुलाई पछ्याउँछन् । आज साम्प्रदायिक मण्डलीहरु मोर्डनिस्टहरुले भरिएका छन् । तिनीहरुको त्रुटी आधुनिक होइन, तर धेरै पुरानो हो ।

## ४. स्वर्गदुतहरुको बारेमा

**हामी विश्वास गर्छौं** क) अदृश्य प्राणीहरुमा सबभन्दा पहिले स्वर्गदुतहरु हुन्, ख) असल स्वर्गदूतहरु पवित्र आत्मा हुन्, पहिले नै तिनीहरुको मोक्षमा निश्चित, र महान शक्ति भएको, जसले परमेश्वरको स्तुती गर्छ, उहाँका आज्ञाहरु पालन गर्छन्, र मानवजातिको सेवा गर्छन्, ग) दुष्ट स्वर्गदूतहरु पतन भएका आत्माहरु हुन्, सधैंको लागि इन्कार भएका छन्, जसलाई

परमेश्वर र मानिसको शत्रुहरु घोषणा गरिएको छ, र तिनीहरु परमेश्वरका कार्यहरु नाश गर्ने प्रयास गर्छन् ।

क) भजनसंग्रह १०३:२०,२१ हे उहाँका स्वर्गदुतहरु हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर । हे स्वर्गका सबै सेना हो, उहाँको इच्छाअनुसार काम गर्ने सेवक हो, परमप्रभुको प्रशंसा गर ।

ख) हिब्रु १:१४ के ती सबै स्वर्गदुतहरु मुक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरु होइनन् ?

मत्ती २५:३१ जब मानिसको पुत्र सारा स्वर्गदुतहरुसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिहाँसनमा बस्नेछ ।

भजनसंग्रह ९१:११,१२ किनकि उहाँले आफ्ना स्वर्गदुतहरुलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ । तिनीहरुले तिमीलाई आफ्नो हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन् ।

ग) यहूदा ६ आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदुतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ ।

एफिसी ६:१२ किनकि हामीहरुको युद्ध शरिर र रगतको विरुद्ध होइन तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका संसारिक शासकहरुका विरुद्ध स्वर्गीय स्थानहरुमा भएका दुष्ट्याईंका आत्माहरुका विरुद्ध हो ।

१पत्रुस ५:८ सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिँहझैँ खोजिहिँड्छ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँ:**

१) स्वर्गदूतहरु मरेका मानिसहरुका आत्माहरु हुन् । चर्च अफ न्यू जेरुशलेम, स्पिरिटिस्ट । यूहन्ना ८:४४, (मत्ती २२:३० “जसै” ) ।

२) असल स्वर्गदूतहरु छुट्टिएका आत्माहरु हुन् जोहरु विकासका उच्च धरातलमा खडा भएका छन् जबकी दुष्ट आत्माहरु अलग गरिएका अपवित्र र बेखुशी आत्माहरु हुन् । मर्मन, स्पिरिटिस्ट । मत्ती २५:४१, १पत्रुस ५:८, यहूदा ६, (२पत्रुस २:४, प्रकाश १२:७-९) ।

३) स्वर्गदुतहरुको पनि लिङ्ग हुन्छः सेकर्स, मर्मन । मत्ती २२:३०

४) स्वर्गदुतहरु परमेश्वरको मानिसहरुको लागि विचार र सञ्चार हुन् । ख्रीष्टियान साइन्स, माथिका पदहरु हेर्नुहोस् ।

५) कुनै व्यक्तिगत शैतान छैन : ख्रीष्टियान साइन्स, स्पिरिटिस्ट, यूनिटरियन्स, चर्च अफ न्यू जेरुशलेम, यूनिभर्सलिस्ट । माथिका पदहरु हेर्नुहोस् ।

***नोटः*** सबै मोर्डनिस्टहरु व्यक्तिगत शैतानको अस्तित्वलाई इन्कार गर्छन्, र दाबी गर्छन् कि शैतान शब्द भनेको खाली दुष्टलाई बुझाउँछ ।

## ५. सृष्टिको बारेमा

**हामी विश्वास गर्छौं** क) परमेश्वरले आकाश र पृथ्वी पवित्र धर्मशास्त्रहरुमा उल्लेख गरिएअनुसार नै सृष्टि गर्नुभयो, अर्थात, उहाँको सर्वशक्तिशाली वचनले छ दिनमा सृष्टि गरियो, ख) र परमेश्वरले संसारलाई सृष्टि गर्दा खुशी हुनुभएको बेला मानिस त्यहाँ उपस्थित थिएन, हामीसँग यो घटनाको भरपर्दो सूचना चाहिँ परमेश्वरको आफ्नै प्रतिवेदनमा छ जुन हामीसँग बाइबलमा छ ।

(क र ख) उत्पत्ति १:१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।
उत्पत्ति १:३१ "छैटौं दिन", प्रस्थान २०:११ "छ दिन"

हिब्रू ११:३ विश्वासद्धारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्धारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो ।

भजनसंग्रह ११५:३ हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ, उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ ।

कलस्सी १:१६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरु, चाहे सिहाँसनहरु, चाहे प्रभुत्वहरु, चाहे प्रधानताहरु, चाहे अधिकारहरु, सबै थोक उहाँद्धारै र उहाँकै निम्ति सृजिएका हुन् ।

(२पत्रुस १:१६ किनकि हामीले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिँदा धूर्ततासँग रचिएका दन्त्यकथाहरुको हामीले अनुसरण गरेनौं, तर उहाँको बैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं ।

**हामी हरेक अधर्मशास्त्रीय सिद्धान्तलाई इन्कार गर्छौं,** जसले धर्मशास्त्रमा प्रकाशित गरिएको सृष्टिको ईश्वरीय कार्यलाई इन्कार वा सीमित गर्छ, जसै यो तिनीहरुले गर्छन जसले सिकाउँछन् कि धेरै समयको अवधी लगाएर आफै विकास भएको होः विकासवादीहरु भजनसंग्रह ३३:६, यूहन्ना १:१-३, भजनसंग्रह १४८:५

नोटः धेरै साम्प्रदायिक प्रचारकहरुले आज यो विकासको विनाशक त्रुटिलाई स्वीकार गरेका छन्, तापनि केही व्यक्तिहरु ईश्वरवादी विकासको पक्ष लिन्छन् । तैपनि, यो चाहिँ अधर्मशास्त्रीय छ किनकि यो नास्तिक विकासवाद हो ।

## ६. मानिस र परमेश्वरको स्वरुपको बारेमा

हामी विश्वास गर्छौं कि परमेश्वरले हाम्रा पहिलो आमाबाबुको सृजना गर्नुभयो पशु जस्तै गरी त होइन, नता नैतिक रुपमा तठस्थ, नता विकासमा मात्रै क्षमता भएका, तर उहाँको आफ्नै स्वरुपमा, त्यसको अर्थ, परमेश्वरको साँचो ज्ञानमा र पूर्ण धार्मिकता र पवित्रतामा, र प्रकृतिको सत्य बैज्ञानिक ज्ञान दान गर्नुभयो ।

उत्पत्ति १:२६, २७ फेरी परमेश्वरले भन्नुभयो "मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं, ... यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो ।

एफिसी ४:२४ र परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।

कलस्सी ३:१० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रुपअनुसार ज्ञानमा नयाँ भइरहेको छ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौंः**

१) परमेश्वरको स्वरुप मानिसको स्वतन्त्र इच्छामा सारभूत रुपमा र उसको इच्छाहरु माथिको कारणहरुमा रहेका हुन्छ, कि मौलिक धार्मिकता परमेश्वरको स्वरुपको भाग होइन तर अतिरिक्त बरदान हो । रोमन क्याथोलिक चर्च । एफिसी २:२४, कलस्सी ३:१०

२) परमेश्वरको प्रतिरुप संगै सृष्टि गरिएका धार्मिकता र पवित्रता समावेश थिएन, तर पृथ्वीका प्राणीहरुमाथि मानिसको शासनमा थियो । रोमन क्याथोलिक चर्च, यूनिटरियन्स, अर्मिनियन्स, र्‍यास्नलिस्ट, माथिका पदहरु हेर्नुहोस् ।

३) मानिसको मौलिकरुपमा धार्मिकता सँगै बनेको थिएन, तर उसको आफ्नै शक्तिले ऊ आफैमा परमेश्वरको प्रतिरुप विकास भयो । चर्च अफ द न्यू जेरुशलेम, माथिका पदहरु हेर्नुहोस् ।

४) आदम वास्तवमा निर्दोष थिए, तर पूर्ण रुपमा पवित्र थिएनन् । एडभेन्टिस्ट । उत्पत्ति १:२६, २७ माथिका पदहरुपनि हेर्नुहोस् ।

५) मानिस परमेश्वरको प्रतिरुपमा सृष्टि गरिएको थिएन, र त्यसबेलमा मानिस र पशुमा कुनै मूलभूत भिन्नता थिएनः रसेलाइट्स, इभोलुसनिस्ट, मोर्डनिस्ट । माथि उल्लेख गरिएका पदहरु हेर्नुहोस् ।

६) मानिसको शरिर विशेष ईश्वरीय अनुग्रहबाट मात्रै अमर हुन्छ । रोमन क्याथोलिक चर्च उत्पत्ती २:१७ ।

७) मानिसको शरिर मरणशील सृष्टि गरिएको थियो । यूनिटरियन्स, अर्मिनियन्स, रोमी ५:१२, रोमी ६:२३ ।

८) मानिसको शरिर मात्रै होइन तर आत्मा पनि मरणशील सृष्टि गरिएको थियो । सेभेन्थ डे एडभेन्टिस्ट । उत्पत्ती २:१७, रोमी ६:२३, मत्ती १०: २८

९) मानिस पतनपछि पनि साँच्चै अमर छ । खीष्टियान साइन्टिस्ट । माथिका पदहरु हेर्नुहोस् ।

**नोट :** परमेश्वरको प्रतिरुप, शब्दको ठीक अर्थमा, परमेश्वरको सत्य ज्ञानमा, पवित्रता र धार्मिकता हुन्छ ।

## ७. पापको बारेमा

**हामी विश्वास गर्छौं** क) हाम्रा पहिलो आमा-बुवाको पतनले गर्दा पाप संसारमा आयो । ख) यो पतनले हाम्रा पहिलो आमा-बुवाले मात्रै होइन तर तिनीहरुको सबै शारिरीक सन्तानहरुले तिनीहरुको मौलिक धार्मिकता गुमाए । ग) त्यसकारण सबै मानिसहरु प्राकृतिक रुपमा पापमा मरेका र क्रोधका सन्तान भएका छन् । घ) मानिसहरुले, आफैले कुनै प्रयासहरुबाट, वा कुनै असल कामहरु, प्रगति, वा संस्कृतिबाट परमेश्वरसँग मिलाप हुन र मृत्यु र नरकयातनामाथि विजयी हुन सक्दैनन् । ङ) तर सबै मानिसहरु येशू ख्रीष्ट, संसारको एक ईश्वरीय उद्धारकर्तामा विश्वासद्धारा अनुग्रहबाट बचाइएका छन् ।

क) उत्पत्ती ३:१-७ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरुमध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरुलाई बगैचाको कुनै पनि रुखको फल नखानू भनी भन्नुभएको छ?" स्त्रीले सर्पलाई भनिन्,"बगैंचाका रुखहरुको फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रुखका फलको बिषयमा परमेश्वरले भन्नुभएको छ,"त्यो चाहिँ नखानू र नछुनू, नत्रता तिमीहरु मर्छौ ।" सर्पले स्त्रीलाई भन्यो, "तिमीहरु मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरु त्यो खान्छौ त्यही दिन तिमीहरुका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरु परमेश्वरजस्तै हुनेछौ ।"

१. १यूहन्ना ३:८ जसले पाप गर्छ त्यो दियाबलसको हो । किनकि दियाबलस त सुरुदेखि नै पाप गर्दै आएको छ ।
याकूब १:१३,१४ परिक्षा हुँदा कसैले पनि यसो नभनोस्, "परमेश्वरद्धारा मेरो परिक्षा भएको हो ।" किनकि कुनै खराब कुराबाट परमेश्वरको परिक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परिक्षा गर्नुहुन्न । तर हरेक मानिस आफ्नै खराब इच्छाद्धारा लोभिएर परीक्षामा पर्दछ ।

(रोमी ५:१२ एउटा मानिसद्धारा संसारमा पाप आयो ।)

ख र ग) एफिसी २:१-३ तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा उहाँले

तिमीहरुलाई जीवित पार्नुभयो । यिनैमा यस संसारको
रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारीताका सन्तानमा अहिले काम गर्ने आत्मा अनुसार तिमीहरु अघि एकपल्ट चल्दैथियौ । तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पाप स्वभावका लालसामा अघि जिउँथ्यौ, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौँ ।

उत्पत्ती ३:२१ मानिसका हृदयका भावनाहरु बालकदेखि नै खराब हुन्छन् ।

यूहन्ना ३:५-७ कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो । मैले तिमीलाई नयाँ गरि जन्मनुपर्छ भन्दा अचम्म नमान ।

घ) रोमी ७:१८ किनकि मलाई थाहा छ, कि ममा, अर्थात् मेरो पाप-स्वभावमा केहि असल कुराले वास गर्दैन । जे असल छ, त्यो गर्ने इच्छा ममा छ तर म त्यो पूरा गर्न सक्दिनँ ।

याकूब २:१० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुराहरुमा त्यो दोषी ठहरिएको हुन्छ ।

२ कोरिन्थी ३:५ कुनै पनि कुरा हामीबाट आएको हो भनी दाबी गर्न हामी आफैँ योग्य छैनौँ, तर हाम्रो योग्यता परमेश्वरबाट आउँछ ।

कलस्सी ३:१० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रुपअनुसार ज्ञानमा नयाँ भइरहेको छ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँ:**

१) परमेश्वरको स्वरुप मानिसको स्वतन्त्र इच्छामा सारभूत रुपमा र उसको इच्छाहरु माथिको कारणहरुमा रहेको हुन्छ, कि मौलिक धार्मिकता परमेश्वरको स्वरुपको भाग होइन तर अतिरिक्त बरदान हो । रोमन क्याथोलिक चर्च । एफिसी २:२४, कलस्सी ३:१०
२) परमेश्वरको प्रतिरुप संगै सृष्टि गरिएका धार्मिकता र पवित्रता समावेश थिएन, तर पृथ्वीका प्राणीहरुमाथि मानिसको शासनमा थियो । रोमन क्याथोलिक चर्च, यूनिटरियन्स, अर्मिनियन्स, न्यास्नलिस्ट, माथिका पदहरु हेर्नुहोस् ।
३) मानिसको मौलिकरुपमा धार्मिकता सँगै बनेको थिएन, तर उसको आफ्नै शक्तिले ऊ आफैमा परमेश्वरको प्रतिरुप विकास भयो । चर्च अफ द न्यू जेरुशलेम, माथिका पदहरु हेर्नुहोस् ।
४) आदम वास्तवमा निर्दोष थिए, तर पूर्ण रुपमा पवित्र थिएनन् । एडभेन्टिस्ट । उत्पत्ति १:२६, २७ माथिका पदहरुपनि हेर्नुहोस् ।

५) मानिस परमेश्वरको प्रतिरुपमा सृष्टि गरिएको थिएन, र त्यसबेलमा मानिस र पशुमा कुनै मूलभूत भिन्नता थिएनः रसेलाइट्स, इभोलुसनिस्ट, मोर्डनिस्ट । माथि उल्लेख गरिएका पदहरु हेर्नुहोस् ।

(भजनसंग्रह १३०:३ हे परमप्रभु, तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु, को खडा हुन सक्छ र ?

ङ) रोमी ३:२८ यसकारण व्यवस्थाका कार्महरुको पालन विना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।

रोमी ८:१ यसकारण अब खीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन ।

रोमी ५:१६-१८ सित्तैंको बरदान चाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन । किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञा ल्यायो, तर धेरै अपराधको पछि आउने सित्तैंको बरदानले निर्दोषीकरण ल्याउँछ । यदी एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्धारा मृत्युले राज्य गऱ्यो भनेता झन बढी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरुले एउटै मानिस येशू खीष्टद्धारा जीवनमा राज्य गर्नेछन् । यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागिदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहऱ्याएर जीवन ल्याउँछ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौंः**

१. परमेश्वरले मानिस बनाउनुभयो ताकि उसले पाप गर्नुपर्दथ्योः क्यल्भिनिस्टिक चर्च । भजनसंग्रह ५:५, यूहन्ना २:१६, १यूहन्ना २:१६, (व्यवस्था ३२:४, उत्पत्ति १:२६-२७, ५:१-३)
२. हाम्रा पहिलो आमाबाबुको पाप शुद्धताको आज्ञाको उलङ्घनमा भयो । सेकर्स, खीष्टियान इस्राएलाइट्स । उत्पत्ति १:२६-२७, ५:१-३) ।
३. मानिसको पतनको धर्मशास्त्रीय विवरण लाक्षणिकबाट लिइएको वास्तविक प्रतिवेदन होइन । चर्च अफ न्यू जेरुशलेम, मोर्डनिस्ट । रोमी ५, १२, १कोरिन्थी १५:२१,२२, १कोरिन्थी ११:३ ।
४. मौलिक पाप चाहिँ सम्पूर्ण मानव स्वभावको पूर्ण बन्धन होइन, तर स्वतन्त्र इच्छा कमजोर बनाउने मात्र हो र अनुग्रहको अतिरिक्त बरदान हो । रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च । यूहन्ना ३:५,६ एफिसी २:१, रोमी३:२३ ।
५. कुनै पनि किसिमको मौलिक पाप छैन, र मानव स्वभाव मौलिक पापले पूर्णरुपमा भ्रष्ट र विकृत भइसकेको छैन । यूनिटरियन्स, अर्मिनियन्स, चर्च अफ द न्यू जेरुशलेम, क्याम्पबेलाइट्स, एड्भेन्टिस्ट, मोर्डनिस्ट । रोमी ७:१८, उत्पत्ति ८:२१, रोमी ५:१२, (भजनसंग्रह १४:१, मत्ती ७:१७-१८, एफिसी ४:२२)

६. वचनको सत्य अर्थमा पाप छैन । ख्रीष्टियान साइन्टिस्ट । माथिका पदहरु हेर्नुहोस् ।
७. कामुकता, जुन चाहिँ, नयाँ गरि जन्मेकाहरुमा हुने सबै दुष्ट वासना र इच्छाहरु पाप होइनन्: रोमन क्याथोलिक चर्च, रोमी ७:७, गलाती ५:१७, याकूब १:१५
८. मरियम पापमा गर्भधारण र जन्म भइनन् । रोमन क्याथोलिक चर्च । यूहन्ना ३:६, अयूब १४:४, लुका १:४६-४७
९. आदमको पापको विवरणले परमेश्वरको क्रोध र दण्डको भागीदार भएनः यूनिटरियन्स, अर्मेनियनन्स, मेनोनाइट्स, क्वेकर्स, सेकर्स, मर्मन, सेभेन्थ डे एडभेन्टिस्ट, यूनिभर्सलिस्ट, चर्च अफ न्यू जेरुशलेम, मोर्डनिस्ट । एफिसी २:३, उत्पत्ति २:१७, रोमी ५:१२ ।
१०. केहि पापहरु आफैमा क्षमा हुन सकिने हुन्छ जबकी अरुहरु आफैमा मरणशील हुन्छ : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडकस चर्च, सोसिनियन्स, अर्मेनियन, याकूब २:१०, गलाती ३:१०, मत्ती ५:१८, १९, (इजकिएल १८:२०) ।
११. बालबालिकाहरु बास्तविक पापरहित हुन्छन् : यूनिटरियन्स, क्याम्पबेलाइट्स, मर्मनन्स, एडभेन्टिस्ट, फ्रि विल ब्याप्टिस्ट, अर्मेनियन्स, मेनोनाइट्स, मोर्डनिस्ट । उत्पत्ति ६:५, भजनसंग्रह ५८:३, ५१:५, यशैया ४८:८
१२. केहि पापहरु केहि समयको लागि सजाय गरिन्छ र अनन्तको लागि गरिदैन । रोमन क्याथोलिक चर्च । व्यवस्था २७:२६, गलाती ३:१०, मत्ती १२:३६ ।
१३. मानिसको पतन भएता पनि, उसले स्वतन्त्र इच्छा र असल गर्ने केहि शक्ति आफूसित राख्यो : रोमन क्याथोलिक चर्च, इस्टर्न अथोडक्स चर्च, अर्मेनियन्स, मेथोडिस्ट, इभान्जलिकल कन्ग्रिगेसनल, मोराभियन्स, क्याम्पबेलाइट्स, प्रेबिटरियन, मेनोनाइट्स, फ्रि विल ब्याप्टिस्ट, यूनिटरियन्स, चर्च अफ द न्यू जेरुशलेम, स्पिरिटिस्ट, क्वेकर्स, सेकर्स, मर्मन, सेभेन्थ डे एडभेन्टिस्ट । २कोरिन्थी ३:५, एफिसी २:१, रोमी ३:११, १२, (७:१८)

***नोटः*** आज मौलिक पापको धर्मशास्त्रीय सिद्धान्त साधारणतया आधुनिक सम्प्रदायिक चर्चहरुले इन्कार गर्छन्, जुन चाहिँ सुरुदेखि अन्तसम्म तर्कबुद्धिबादबाट भ्रष्ट छ । अझ केहि आधारभूतवादीहरुले यो सिद्धान्तलाई इन्कार गर्छन् ।

## ८. अनुग्रहको चुनाव वा परमेश्वरले पहिल्यै चुन्नुभएको बारे

**हामी विश्वास गर्छौं** क) अनुग्रहको चुनाव, वा मुक्तिको लागि अधिबाटै चुनिएकोमा, तर (ख) हामी क्रोधको चुनाव वा दण्डको लागि अधिबाटै चुन्नुभएको कुरा इन्कार गर्छौं, ग) हामी त्यस्ता हरेक सिद्धान्तलाई इन्कार गर्छौं, जसद्धारा यस्तो दाबी गरिन्छ कि परमेश्वरको अनुग्रहले मात्रै होइन तर परमेश्वरले हामीमा कुनै कुरा पहिल्यै राम्रो देख्नुभयो जसको कारणले उहाँले हामीलाई चुन्नुभयो (असल कामहरु, असल आचरण, विरोध नगर्ने, आत्मनिर्णयी, विश्वासमा

दृढ रहने, आदी) घ) हामी विश्वास गर्छौं कि परमेश्वरले कसैले दण्ड पाएको चाहनुहुन्न तर उहाँको प्रेम पापमय संसारमा सबैको लागि छ र खीष्टको छुटकारा सबै मानिसहरुको हो । क) रोमी ११:५,६ यसै गरि वर्तमान समयमा पनि अनुग्रहद्धारा चुनिएकाहरुको एक बाँकी भाग छ तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन ।

रोमी ८:२८-३० हामी जान्दछौ उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ । जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाइहरुमध्ये उहाँ चाहिँ ज्येष्ठ होऊन भनेर, अघिबाटै नियुक्त गर्नुभयो । जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो , र जस-जसलाई उहाँले बोलाउनुभयो तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो , र जस-जसलाई उहाँले धर्मी ठहराउनुभयो तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो ।

२पत्रुस ३:९, यूहन्ना ३:१६ हेर्नुहोस्

ग) रोमी ९:११-१२, १६ जुम्ल्याहा बालकहरु जन्मनु अघिबाटै, तिनीहरुले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनाउको उद्धेश्य ठहरिओस् भनेर, रिबेकालाई यसै भनिएको थियो, “जेठाले कान्छाको सेवा गर्नेछ” । यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ ।

२तिमोथी १:९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्धारा बोलाउनुभयो । हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले खीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो ।

रोमी ८:२९,३०, एफिसी १:३-५ हेर्नुहोस्

घ) यूहन्ना ३:१६,१७ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहि पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्धारा बाचोस् भनेर पठाउनुभयो ।
मत्ती २३:३७ ए येरुशलेम, ए येरुशलेम, तँ जसले अगमवक्ताहरुलाई मार्ने र तँकहाँ पठाइएकाहरुलाई ढुङ्गाले हान्ने ! जसरी कुखुरीले आफ्ना चल्लाहरुलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरुलाई  बटुल्ने इच्छा गरेँ, तर तैँले मानिनस् ।
१तिमोथी १:४-६, प्रेरित १२:४६, प्रेरित ७:५१

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१) परमेश्वरको वचाउने अनुग्रह सबैको लागि होइन तर चुनिएकाहरुको लागि मात्र हो । क्याल्भिनिस्टिक ब्याप्टिस्ट, क्याल्भिनिस्टिक मेथोडिस्ट, आदी । रोमी ११:३२ (३:१९) । माथिका पदहरु हेर्नुहोस् ।

२) अनुग्रहमा चुनिनको लागि केहि मात्रामा मानिसको असल आचरणमा पनि भर पर्दछः इस्टर्न अर्थडक्स चर्च, क्याम्पबेलाईटिस्, फ्रि विल ब्याप्टिस्ट, सिनर्जीस्ट, अर्मेनियन्स, सेक्टारियन चर्चहरु । रोमी ११:५,६, एफिसी १:३-६, २तिमोथी १:९, रोमी९:११

३) अनुग्रहको चुनाव अनन्तताबाट होइन तर यसको लागि समय लाग्दछः अर्मेनियन, मेथोडिस्ट, कम्बरल्याण्ड, प्रेस्बिटरियन्, यूनिटरियन, सेकर्स, सालभेसन आर्मी । २ तिमोथी१:९, रोमी ९:११, एफिसी १:३,५ धेरै सिनर्जीवादी ।

४) सही अर्थमा अनुग्रहको चुनाव छैन, किनकी मानिस आफैले उसको चुनाव र मुक्ति निश्चित गर्दछः चर्च अफ न्यू जेरुशलेम, यूनिटरियन्स, मर्मन, एफिसी. १:३-६, २थेसलोनिकी २:१३, यूहन्ना १५:१६, विभिन्न चर्चका सबै आधुनिकवादीहरु, अर्मेनियन्स ।

५) अनुग्रहको चुनाव सार्वभौमसत्ता परमेश्वरको पूर्ण कार्य हो र ख्रीष्टको र उहाँको संसारको लागि भोग्नु भएको सन्तुष्टि सोच-विचार विना निर्णय गरिएको थियो: प्रेस्बिटरियन्स, कंग्रिगेसनल ख्रीष्टियानहरु, क्यल्भिनिस्टिक ब्याप्टिस्ट, क्याल्भिनिस्ट मेथोडिस्ट, आदी । एफिसी १:३-६, २तिमोथी १:९

६. चुनिएकाहरु पूर्णरुपले अनुग्रहबाट पतन हुन सक्दैनन् वा अझ ठूला पापहरु भएता पनि पूर्णरुपमा तिनीहरुको विश्वास गुमाउन सक्दैनन् : प्रेस्विटरियन्स, कंग्रिगेसनल ख्रीष्टियानहरु, क्यल्भिनिस्टिक ब्याप्टिस्ट, क्याल्भिन्सिस्टिक मेथोडिस्ट, आदी । भजनसंग्रह ५१:१०-१३, मत्ती २६:६९, २शमूयल १२:१-१३, भजनसंग्रह ३७:२४, यूहन्ना २०:२५, २९ ।

७. चुनिएकाहरु ख्रीष्टमा विश्वास भएता पनि तिनीहरुको मुक्तिमा निश्चित हुन सक्दैनन्: रोमन क्याथोलिक चर्च, रोमी ८:३८, ३९, २तिमोथी १:१२, फिलिप्पी १:६, लुका १०:२०, १थेसलोनिकी १:४, १पत्रुस ५:१२, २पत्रुस १:१० ।

८. दुष्टहरु तिनीहरुको आफ्नै पाप र अविश्वासले गुम्ने होइन तर परमेश्वरको पूर्ण आदेशले, जसबाट उहाँले तिनीहरुबाट अनुग्रह र कृपा रोक्नुभयो । क्याल्भिनिस्टिक चर्च, रिफम्ड प्रेस्बिटरियन्स, क्याल्भिनिस्टिक ब्याप्टिस्ट, क्याल्भिनिस्टिक मेथोडिस्ट, कंग्रीगेसनल ख्रीष्टियान, आदी । होशे १३:९, मत्ती २३:३७, प्रेरित ७:५१, प्रेरित १३:४६, यूहन्ना ३:१९, १थेसलोनिकी ५:९, लुका १४:१६-२४, गलाती ५:४, इजकिएल १८:२६, १तिमोथी १:१९ ।

९. अन्तमा, हामी क्याल्भिनवादका हरेक सिद्धान्त इन्कार गर्छौं जसले सबैको लागि अनुग्रहको इन्कार गर्छ, र सिनर्जीबादका हरेक सिद्धान्त जसले अनुग्रहबाट मात्रै मुक्तिको भन्ने कुरा

इन्कार गर्छ । १ तिमोथी २:४, २पत्रुस३:९, रोमी ४:४,५, रोमी३:२०-२८ ।

नोटः आज धेरै हेतुवादी र आधुनिकवादी चर्चहरुमा “खीष्टको ईश्वरत्व”, “प्रायश्चित”, “विश्वासद्धारा मुक्ति” र “अनुग्रहद्धारा चुनाव” आदी शब्दहरु प्रयोग गर्छन् । तर तिनीहरुले त्यसको अर्थ तिनीहरु आफ्नो विचारवादमा मिल्ने गरी लगाउँछन् ।

## ९. परमेश्वरको पुत्र खीष्टको बारेमा

**हामी विश्वास गर्छौं** कि परमेश्वरको पुत्रले आशिषित कन्या मरियमको कोखमा मानिसको स्वरुप धारण गर्नुभयो, त्यसकारण त्यहाँ दुईवटा गुणहरु भयोः ईश्वरीय र मानविय, एक ब्यक्तिमा छुट्टाउने नसकिने गरी मिलेको, एक खीष्ट, जो कन्या मरियमबाट जन्मिएको सत्य परमेश्वर र सत्य मानिस हुनुहुन्छ, ।

रोमी ९:५ पूर्वजहरु यिनीहरुका नै हुन्, र खीष्ट पनि शरीर अनुसार तिनीहरुकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर जसको युगानयुग स्तुति होस् ।

१तिमोथी २:५,६ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ- मानिस येशू खीष्ट । उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो ।

यूहन्ना १:१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो ।

१यूहन्ना ५:२० हामी जान्दछौं कि परमेश्वरका पुत्र आउनुभएको छ, जो सत्य हुनुहुन्छ, हामी उहाँमा छौं, अर्थात् उहाँका पुत्र येशू खीष्टमा । उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ ।

हेर्नुहोस्: यूहन्ना २०:२८, यर्मिया २३:६, यूहन्ना ५:२३, मत्ती १:२१, १तिमोथी ३:१६, १कोरिन्थी १५:४७

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौंः**

१. परमेश्वरको अनन्त पुत्र, परमेश्वर ईश्वरत्वमा दोस्रो ब्यक्ति हुनुहुन्छ, उहाँ देहधारी हुनुभएनः यूनिटरियन्स, चर्च अफ न्यू जेरुशलेम, क्वेकर्स, सेभेन्थ डे एडभेन्टिस्ट, मर्मन, स्पिरिटिस्ट, रसेलाइट्स, खीष्टियान साइन्टिस्ट, ऱ्यासनलिस्ट, हिब्रु ४:१५, गलाती ४:४,५, १तिमोथी २:५, यूहन्ना १:१४

मत्ती १६:१३, १६ । सबै आधुनिकवादीहरु पनि ।

२. परमेश्वरको पुत्रले मरियमको शरिरमा हाम्रो मानविय स्वभाव धारण गर्नुभएन, तर उहाँको मानविय स्वभाव पिताको तत्वबाट आयो । मेनोनाइट्स, स्क्वेनफेल्डियन्स, हिब्रु २:१६, १७, रोमी १:३, एफिसी ५:३०, लुका १:४२ ।

३. खीष्टसँग एउटा स्वभाव थियो, अर्थात् परमेश्वरका पुत्रको ईश्वरीय स्वभावः सेभेन्थ डे एड्भेन्टिस्ट, यूहन्ना १:१४, १यूहन्ना ४:२,३, १तिमोथी ३:१६

४. खीष्टसँग एउटा स्वभाव थियो, अर्थात् मानव स्वभावः यूनिटरियन्स, रसेलाइट्स, यूनिभर्सलिस्ट, सेकर्स, मोर्डनिस्ट । १तिमोथी ३:१६, यूहन्ना १:१४ ।

५. खीष्टमा दुईवटा स्वभाव थियो, ईश्वरीय र मानविय स्वभावमा कुनै मुख्य भिन्नता थिएन । मर्मन्स, मोर्डनिस्ट । यूहन्ना १:१४, १तिमोथी ३:१६, कलस्सी २:९

६. खीष्टको व्यक्तित्वमा मानविय स्वभाव र ईश्वरीय स्वभाव समिश्रण थियो । स्क्वेन्क्फेल्डियन्स । मत्ती १६:१३, १६, १ तिमोथी २:५,६ ।

७. देहधारी भइसकेपछि पनि , ईश्वरीय स्वभाव भित्र मात्रै थिएन तर व्यक्तिगत मेल बाहिर पनि थियो । क्याल्भिनवादी चर्चहरु, यूहन्ना १:१४, १कोरिन्थी ८:६, १तिमोथी ३:१६, कलस्सी २:९, २कोरिन्थी ५:१९, (यूहन्ना ३:१३, मत्ती २८:२०) ।
(तिनीहरुले सिकाउँछन् कि उचालिनुभए देखि पृथ्वीमा ईश्वरीय स्वभाव उपस्थीत छ , तर मानव स्वभाव स्वर्गमा राखिएको छ । )

८. दुई स्वभावको संगति चाहिँ सत्य र वास्तविक होइन, तर "परमेश्वर मानिस हुनुहुन्छ" र "मानिस परमेश्वर" हो चाहिँ बोलीको अलंकार हो । क्यल्भिनिस्टिक चर्चहरु । लुका १:३५, १कोरिन्थी १५:४७, मत्ती १६:१६, रोमी ९:५ ।

९. दुवै स्वभावहरुको संचारको गुण चाहिँ वास्तविक होइन, तर नाममात्रको हो । क्यल्भिनिस्ट चर्च, १पत्रुस ३:१८, २२, प्रेरित २०:२८, रोमी ८:३२ ।

१०. खीष्ट, उहाँको मानवतामा, ईश्वरीय महिमा थिएन, तर केहि सीमित शक्ति र सृजना गरिएका वरदानहरु, जुन मानव स्वभावले उहाँको उत्कर्षपछि प्राप्त भएको थियो । क्याल्भिनिस्टिक चर्च, इभान्जलिकल कंग्रीगेसनलिस्ट, स्क्वेन्कफेडियन्स, खीष्टियान इस्राएली, मर्मन, सोसिनियन्स, यूनिटरियन्स, सेकर्स, यूनिभर्सलिस्ट, अर्मेनियन्स, यूहन्ना १:१४, यूहन्ना २:११, मत्ती २८:१८, भजनसंग्रह २:८, कलस्सी २:३, एफिसी ४:१०, फिलिप्पी २:९, यूहन्ना ५:२६,२७ ।
(यो त्रुटी चाहिँ विचारवादी स्वयंसिद्ध कुरामा आधारित छ, कि सीमित असीमितको अक्षम छ । )

११. खीष्टको मानव गुणले महिमा र ऐश्वर्य प्राप्त गऱ्यो जब उहाँ पवित्र आत्माद्धारा गर्भधारण हुनुभयो । यूहन्ना १:१४ )

१२. मानिस बप्तिस्मामा येशूले ईश्वरीय ऐश्वर्यको पूर्णता प्राप्त गर्नुभयो । मर्मन, यूहन्ना १:१४, कलस्सी २:९, १यूहन्ना ४:२,३ ।

१३. मानिस येशू खीष्ट चाहिँ ईश्वरीय होइन, उहाँसँग ईश्वरीय ऐश्वर्य छैन, र उहाँलाई आराधना र परमेश्वरलाई झैँ भक्ति गर्नु पर्दैन । यूनिटरियन्स, सेकर्स, यूनिभर्सलिस्ट, मोर्डनिस्ट । यूहन्ना ५:३३, रोमी १४:१०-११, (फिलिप्पी २:९-१०)

१४. खीष्ट, मुक्तिदाता र मध्यस्थकर्ता सार, ऐश्वर्य, र महिमामा पिताभन्दा सानो हुनुहुन्छ । अर्मेनियन्स, मोर्डनिस्ट, यूहन्ना ५:२३ ।

१५. खीष्टमा स्वभावहरुको संगति नभएको हुनाले, खीष्टको ईश्वरीय कार्यहरुको कार्यान्वयन गर्न हरेक स्वभावले अर्को भन्दा स्वतन्त्ररुपले काम गर्दथ्योः क्याल्भिनिस्टिक चर्चहरु, १तिमोथी २:५, १यूहन्ना ३:८, १कोरिन्थी १५:३, गलाती १:४, एफिसी ५:२, २५ । (त्यो अवस्थामा खीष्टको छुटकारा खालि एउटा मानिसको जस्तो मात्रै हुन्थ्यो ।)

१६. खीष्टले उहाँको कार्य मानिसले जस्तै गरी मात्र गर्नुभयोः इर्भिङ्गजाइट्स, माथिका पदहरु हेर्नुहोस् ।

१७. खीष्ट मानव स्वभाव अनुसार हाम्रो मध्यस्थकर्ता हुनुहुन्छः मोराभिन ब्रेदरेन, इर्भिङ्गजाइिटिस् । १तिमोथी २:५, तीतस २:१३, १तिमोथी ३:१६ ।

नोटः खीष्टको सत्य ईश्वरीय र मानवियमा सम्बन्धित सिद्धान्तले सधैँ मानिसका कारणहरुमा आक्रमक भइरह्यो ।

## १०. खीष्टको कार्य र सेवा

**हामी विश्वास गर्छौं** क) येशू खीष्ट, सत्य परमेश्वर र सत्य मानिसले, साँच्चै कष्ट भोग्नुभयो, क्रुसिकरण हुनुभयो, मर्नुभयो र गाडिनुभयो, ताकि उहाँले हामीलाई परमेश्वरमा मिलापमा ल्याउन सक्नुभएको होस् र हाम्रो बलिदान हुनुभएको होस्,, हाम्रा मौलिक पापहरुको लागि मात्रै होइन तर मानिसका सबै वास्तविक पापहरुको लागि पनि , ख) उहाँ नरकमा ओह्र्लनुभयो र साच्चै तेस्रो दिनमा जीवित भई उठ्नुभयो । ग) त्यसपछि उहाँ स्वर्गमा पिताको दाहिने हातपट्टि सदाको लागि शासन गर्न बस्नलाई उक्लनुभयो र सबै प्राणीहरुमाथि प्रभुत्व गर्नलनई र विशेषगरी भेला गर्न, मार्ग दर्शन गराउन, र यस पृथ्वीमा उहाँको मण्डलीको सुरक्षा गर्न, घ) र त्यही खीष्ट अन्तमा जीवित र मृतकहरुका न्याय गर्नलाई फेरी आउनुहुनेछ ।

क) गलाती ४:४,५ । तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं ।

यशैया ५३:४,५ निश्चय नै उसले हाम्रा निर्बलताहरु बोक्यो, र हाम्रा दु:ख भोग्य, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं । तर ऊ त हाम्रा अपराधहरुका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।

१पत्रुस २:२४ हामी पापको लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रुसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरुद्धारा तिमीहरु निको भयौ ।

ख) १पत्रुस ३:१८,१९ किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापहरुका निम्ति सदाको लागि एकचोटी मर्नुभयो । उहाँ शरीरमा मारिनुभयो- धर्मी जन अधर्मीहरुका निम्ति- तर आत्माद्धारा जीवित पारिनुभयो । यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेका आत्माहरुलाई पनि प्रचार गर्नुभयो ।

कलस्सी २:१५ उहाँले प्रधानताहरुको शक्तिहरुलाई  नि:शस्त्र पारी ति सबैमाथि क्रुसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो ।

एफिसी ४:९,१० (अब यो उच्चमा चढिजानुभयो भनेको चाहिँ के हो ? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा ओर्लनु पनि भयो । उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरुभन्दा माथि चढिजानुभयो, यस हेतुले कि समस्त थोकहरुलाई उहाँले भरिपूर्ण पार्न सकून् ।)
ग) प्रेरित १:९ उहाँले यो कुरा भन्नुभएपछि तिनीहरुले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो र बादलमा उहाँ तिनीहरुका दृष्टिबाट लोप हुनुभयो ।

भजनसंग्रह ६८:१८ जब तपाईं उच्चमा चढीजानुभयो, तपाईंले कैदीहरुलाई बन्दी बनाएर लानुभयो । तपाईंले मानिसहरुबाट उपहार स्वीकार गर्नुभयो, बागीहरु समेतबाट पनि- कि तपाईं हे परमप्रभु परमेश्वर, त्यहाँ बास गरुन् ।

भजनसंग्रह ११०:१ परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ, “तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरुलाई तिम्रो खुट्टाको पाउदान तुल्याउँदिन ।”

हेर्नुहोस्: एफिसी १:२०-२२, यूहन्ना १४:१६, १७ ।

१कोरिन्थी ६:११ तिमीहरु कोहि यस्तै थियौ, तर तिमीहरु धोइयौ, पवित्र पारियौ, प्रभु येशू खीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्धारा निर्दोष ठहराइयौ ।

घ) प्रेरित १७:३१ किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूलाई

नियुक्त गर्नुभएका एक जना व्यक्तिद्धारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरुलाई यसको प्रमाण दिनुभएको छ ।

२कोरिन्थी ५:१० किनकि हामी सबै ख्रीष्टका न्याय- आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।

१थेसलोनिकी ४:१६ किनकि प्रभु स्वयं हुकुमको गर्जनसित, प्रधान स्वर्गदुतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरु चाहिँ पहिले बौरिउठ्नेछन् ।

हेर्नुहोस्: मत्ती २५:३१-४६, २पत्रुस ३:१०

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. ख्रीष्टले हाम्रो सट्टामा व्यवस्था पूरा गर्नुभएनः अर्मेनियन्स, मोराभियन्स, मोथोडिस्ट, यूनिटरियन्स, चर्च अफ न्यू जेरुशलेम, मर्मन, फ्रि प्रोटेस्टेन्ट, ख्रीष्टियान इस्राएलाइट्स, मार्डनिस्ट, रोमी ५:१९, फिलिप्पी २:७,८, गलाती ४:४-५ ।
२. ख्रीष्टले चुनिएकाहरुको लागि मात्रै व्यवस्था पूरा गर्नुभएको थियोः क्याल्भिनिस्टिक चर्च, प्रेस्विटरियन, कंग्रीगेसनल ख्रीष्टियान, क्याल्भिनिस्टिक व्याप्टिस्ट, क्याल्भिनिस्टिक मेथोडिस्ट, आदी २कोरिन्थी ५:१५-१९, यूहन्ना १:२९, १तिमोथी४:१०, २पत्रुस २:१, तीतस २:११ ।
३. ख्रीष्ट यस संसारमा व्यवस्था दिने जसरी धार्मिकताको नयाँ व्यवस्था दिन आउनुभयो । रोमन क्याथोलिक चर्च, यूनिटरियन्स, अर्मेनियन्स, मेथोडिस्ट, मेनोनाइट्स, क्याम्पबेलाईट् । गलाती ३:२४, यूहन्ना ४:४५, गलाती ४:४,५, मत्ती २२:३७-४० ।
४. ख्रीष्टले मौलिक पापको मोल तिर्नुभयो र पापको अनन्त दण्डहरु मात्रै सहनुभयो, ताकि मानिसले बप्तिस्मा पछिका सबै वास्तविक पापहरुको मोल तिर्न सकोस् र ती पापहरुको केहि समयको दण्ड सहोस्: रोमन क्याथोलिक चर्च, हिब्रु १०:१०-१४, १पत्रुस ३:१८, १यूहन्ना २:१,३, रोमी ५:१० ।
५. ख्रीष्ट चुनिएकाहरुका लागि मात्रै मर्नुभयो र तिनीहरुको पापको मोल मात्र तिर्नुभयोः क्याभिनिस्टिक चर्च, प्रेस्विटरियन, कंग्रीगेसनल ख्रीष्टियान, क्याल्भिनिस्टिक ब्याप्टिस्ट, क्याल्भिनिस्टिक मेथोडिस्ट, वाल्डेन्सियन्स, २कोरिन्थी ५:१५,१८ । यूहन्ना १:२९, १तिमोथी २:५,६, रोमी ८:३२, हिब्रु २:९, तीतस २:११, २पत्रुस २:१ ।
६. ख्रीष्टको मृत्यु आफैमा हाम्रो पापको पूर्ण मोल थिएन, तर पिताको विशेष अनुग्रहले न्याय गरिएको थियो । अर्मेनियन्स, रोमी ५:१०, यूहन्ना १९:३०, १पत्रुस २:२४ ।

७. खीष्ट साँच्चै संसारको पापको लागि मर्नुभयो तर प्रायश्चित, जुन चाहिँ विश्वासीहरुमा सीमित थियो त्यो चाहिँ १८४४ मा मात्रै सुरु भयो । सेभेन्थ डे एडभेन्टिस्ट, हिब्रु १:३, रोमी ८:३४, १तिमोथी ४:१०, तीतस २:११, २पत्रुस २:१, १कोरिन्थी १५:५७, १यूहन्ना १:७ ।

८. खीष्टले मानिसको पापको मोल प्रदान गर्नुभएन त्यसकारण मोल आवश्यक छैन । यूनिटरियन्स, यूनिभर्सलिस्ट, फ्रि प्रोटेस्टेन्ट, सेकर्स, स्पिरिटिस्ट, खीष्टियान साइन्टिस्ट, मोर्डनिस्ट, भजनसंग्रह ४९:८,९, प्रकाश १४:१३, (५:९), यशैया ५३:६, रोमी ३:२३-२६, प्रेरित ४:१२, मत्ती २०:२८, १तिमोथी २:६, रोमी ८:३२, २कोरिन्थी ५:१९-२१ ।

९. खीष्टले उहाँको मृत्युबाट हाम्रो पापको मोल तिर्नुभएन, तर पश्चात्तापीहरुको पापलाई क्षमा गर्न परमेश्वरको प्रेम सम्भव पार्नुभयो । सालभेसन आर्मी र धेरै क्याल्भिनिस्टहरु । २कोरिन्थी ५:१४-१५, यूहन्ना १:२९, १यूहन्ना ३:८ ।

१०. खीष्टले हामीलाई उहाँको कष्ट भोगाइ र मृत्युबाट छुटकारा दिनुभएन तर खालि हजार बर्षको अवधीमा आफ्नै आज्ञाकारीताबाट अनन्त जीवन कमाउन हामीलाई अवसर दिनुभयो । रसेलाईट्स, यशैया ५३:६, मत्ती २०:२८, यूहन्ना १४:६, लुका १६:२६, १यूहन्ना १:७, १यूहन्ना २:१,२ ।

११. खीष्ट मात्रै हाम्रो र परमेश्वरको मध्यस्थ होइन, तर सन्तहरुपनि, विशेषगरी मरियम, जसको गुण परमेश्वरको अगाडी बहुमूल्य छ, त्यसले हामीलाई मध्यस्थ गर्न सक्छ । रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च । यूहन्ना १४:६, प्रेरित ४:१२, १तिमोथी २:५ ।

१२. खीष्ट मात्रै यस संसारको मुक्तिदाता होइन । मोर्डनिस्ट, सेकर्स । यशैया ४२:८, यशैया ४३:११ ।

१३. खीष्टको मानव स्वभावले केहि मात्रै ईश्वरीय गुणहरु प्राप्त गऱ्यो र यो उहाँको उचालिनुभएको बेलामा भयो: क्याल्भिनिस्टिक चर्चहरु, स्वेन्कफिल्डियन्स । भजनसंग्रह १०२:२७, यूहन्ना २:११, हिब्रु १:१२-१३, एफिसी १:२०,२१ ।

१४. खीष्ट उहाँको मानव स्वभावअनुसार होचिँदा ईश्वरीय ऐश्वर्य थिएन, किनकि यो उहाँलाई उचालिनुहुँदा मात्रै दिइएको थियो : अर्मेनियन्स, इभान्जलिकल कंग्रीगेसनलिस्ट, क्याम्पबेलाईट्स, इर्भिङ्गजाइट्स, क्याल्भिनिस्टिक चर्च सामान्यतया । यूहन्ना २:११, यूहन्ना १:१४, (यूहन्ना ३:१३), यूहन्ना ११:४०, यूहन्ना १३:३१, यूहन्ना १८:६, (यशैया ९:६-७)

१५. खीष्टको आत्माले वास्तवमा उहाँको मनोवेगमा ठूलो पीडा सहनुभएन । रोमन क्याथोलिक चर्च मत्ती २७:४६, मत्ती २६:३८, लुका २२:४२, हिब्रु २:१७, १८ (हिब्रु ५:७-८) ।

१६. खीष्टले परमेश्वरको क्रोध र नरकको पीडा सहनुभएन । यूनिटरियन्स, अर्मेनियन्स, इभान्जलिकल एसोसिएसन्, यूनिभर्सलिस्ट, फ्रि प्रोटेस्टेन्ट, मोर्डनिस्ट । गलाती ३:१३, गलाती ३:१०, रोमी ६:२३, (भजनसंग्रह १६:१०)

१७. ख्रीष्टको आत्मा उहाँको मृत्युपछि लिम्वस पेट्रम (पाताल) मा पुरानो करारमा भएका सन्तहरुलाई बन्धनबाट स्वतन्त्र गर्न प्रवेश गर्नुभयो । रोमन क्योथोलिक चर्च, इस्टर्न क्याथोलिक चर्च । १पत्रुस ३:१८,१९, कलस्सी २:१५, १कोरिन्थी १५:५५, (लुका १५:२३)

१८. ख्रीष्ट साँच्चै र वास्तवमा नरकमा ओर्लनुभएनः क्याल्भिनिस्टिक चर्च, अर्मेनियन्स, यूनिटरियन्स, इभान्जलिकल कंग्रगेसनल चर्च । एफिसी ४:९, १पत्रुस ३:१८,१९, कलस्सी २:१४

१९. ख्रीष्ट शरीरमा मृतकबाट जीवित भइ उठ्नुभएन : रसेलाईट्स, खीष्टियान साइन्टिस्ट । यूहन्ना २:१९, फिलिप्पी ३:२०-२१, मत्ती २८:२, यूहन्ना २०:१९,२६, मत्ती १७:१ भजनसंग्रह १६:९-११

२०. ख्रीष्ट उत्कर्षपछि उहाँको नयाँ र भिन्न शरीर भयोः यूनिटरियन्स । लुका २४:३९, फिलिप्पी २:८,९, प्रेरित ७:५५

२१. ख्रीष्ट दाहिने हातपट्टि बस्नुको अर्थ उहाँको सर्वोच्च र सवैको लागि शासन, शक्ति र ऐश्वर्य, भन्ने अर्थ दिँदैन, मानिसको स्वभाव अनुसार, तर सीमित शक्तिमात्रै, स्वर्गमा उहाँलाई निश्चित स्थानमा राखिएको छ : क्याल्भिनिस्टिक चर्च, इपिस्कोपलियन्स, कंग्रीगेसनल खीष्टियान, ब्याप्टिस्ट, मेथोडिस्ट, इभान्जलिकल कंग्रीगेसनल, अर्मेनियन्स, यूनिटरियन्स, सेभेन्थ डे एडभेन्टिस्ट, आदी भजनसंग्रह ११०:१, हिब्रु १:३, एफिसी १:२०-२३, १पत्रुस ३:२२ ।

२२) ख्रीष्ट पृथ्वीमा उपस्थित हुनुहुन्न तर यहाँ पवित्र आत्माले मात्रै प्रतिनिधित्व गर्नुभएको छः मर्मन मत्ती २८:२० ।

## ११. परिवर्तनको बारेमा

**हामी विश्वास गर्छौं** क) ख्रीष्टमा बचाउने विश्वास स्वभावैले कुनै मानिसमा पाइदैन, तर यो त परिवर्तनमा पवित्र आत्माको सित्तैंको दान हो । ख) परिवर्तन चाहिँ पूर्ण वा अपूर्ण रुपमा मानिसको काम होइन, तर परमेश्वरको मात्र काम हो, जसले उहाँको अनुग्रह र शक्तिबाट, ख्रीष्टको खातिर, सुसमाचारद्धारा पापीहरुलाई परिवर्तन गर्नुहुन्छ । ग) पवित्र आत्माले केहिमा मात्र परिवर्तनको काम गर्न चाहनुहुन्न तर वचन सुन्ने सबैमा , र यदी केहि सुन्नेहरु तथापी परिवर्तन नभइ रहे भने, यो चाहिँ हो, परमेश्वरको अनुग्रहमा कुनै कमी भएर त होइन तर तिनीहरुको आफ्नै रोकावट गर्ने हठले गर्दा हो । घ) हामी सिनर्जीवादका हरेक सिद्धान्तलाई इन्कार गर्छौं जसले सिकाउँछ कि परिवर्तन उत्पन्न गर्ने कुरा हो, परमेश्वरको अनुग्रहले मात्रै होइन, तर त्यसको एक भागमा मानिसहरुको सहकार्यद्धारा पनि, ठीक आचरणले, स्वःनिर्णय र अरुहरुको भन्दा कम दोष । ङ) हामी क्याल्भिनिजमका हरेक सिद्धान्त इन्कार गर्छौं जसले दाबी गर्छ कि परमेश्वरले साँचो रुपमा वचन सुन्नेहरु सबैलाई परिवर्तन गर्नुहुन्न, तर चुनिएकाहरुलाई मात्र ।

क) १पत्रुस १:३,४ परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू खीष्टको पुनरुत्थानाद्धारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं । स्वर्गमा तिमीहरुका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन् ।

यूहन्ना ३:५,६ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो र पवित्र आत्माबाट जन्मेको आत्मा हो ।

एफिसी २:१ तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो ।

ख) १कोरिन्थी २:१४ जो मानिस आत्मिक छैन त्यसले परमेश्वरका आत्माका कुराहरु ग्रहण गर्दैन । किनकि ती कुराहरु त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरु आत्मिक रितीले मात्र चिन्न सकिन्छ ।

एफिसी २:१ तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो । --हेर्नुहोस्: याकूब १:१८, भजनसंग्रह १०३, यूहन्ना ८:२१, भजनसंग्रह ५१:७, भजनसंग्रह ५१:१२, यर्मिया ३१:१८, रोमी ३:२३, रोमी ७:१८ ।
ख) १कोरिन्थी २:१४ जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरु ग्रहण गर्दैन । किनकि ती कुराहरु त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन किनकि ती कुराहरु आत्मिक रीतिले मात्र चिन्न सकिन्छ ।

एफिसी १:१९,२० अनि हामी विश्वास गर्नेहरुका निम्ति उहाँको शक्तिको असीम महानता के हो सो तिमीहरु जान्न सक । त्यो शक्ति उहाँको महान सामर्थ्यको काम नै हो, जो उहाँले खीष्टमा पूरा गर्नुभयो, जब उहाँले खीष्टलाई मरेकाहरुबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरुमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो ।

रोमी १०:१७ जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो खीष्टको प्रचारबाट आउँछ ।

ग) मत्ती २३:३७ ए येरुशलेम, ए येरुशलेम, तँ जसले अगमवक्ताहरुलाई मार्ने र तँकहाँ पठाइएकाहरुलाई ढुङ्गाले हान्ने ! जसरी कुखुरीले आफ्ना चल्लाहरुलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरुलाई बटुल्ने इच्छा गरेँ तर तैँले मानिनस् ।

प्रेरित ७:५१ हे हठी मानिसहरु हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईंहरु सधैँ पवित्र आत्माको विरोध गर्नुहुन्छ। तपाईहरुका पुर्खाले जस्तो गरे तपाईहरु पनि त्यस्तै गर्नुहुन्छ।

घ) १कोरिन्थी २:१४ जो मानिस आत्मिक छैन त्यसले परमेश्वरका आत्माका कुराहरु ग्रहण गर्दैन। किनकि ती कुराहरु त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरु आत्मिक रीतिले मात्र बुझ्न सकिन्छ।

एफिसी ४:१८ तिनीहरुका हृदयका कठोरताले ल्याएको तिनीहरुका अज्ञानताको कारणले तिनीहरु परमेश्वरको जीवनदेखि विराना भएका छन्, र तिनीहरुको समझ अन्धकारले भरिएको छ।

फिलिप्पी २:१३ किनकि तिमीहरुलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुबै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ। --हेर्नुहोस् लुका १९:४१,४२, रोमी ३:२३, रोमी ८:७

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँ:**

१. परिवर्तन परमेश्वरको अनुग्रहको काम मात्रै होइन, तर यसमा मानिसको कामको पनि भाग छ : क्यम्पबेलाइट्स, प्रेस्विटरियन्स, क्वेकर्स, चर्च अफ न्यू जेरुशलेम, सेकर्स, यूनिटरियन्स, सिनर्जीवादी, रोमन र इसटर्न अर्थोडक्स चर्च, अर्मेनियन्स, मोर्डनिस्ट, मेनोनाइट्स, फ्रि विल व्यप्टिस्ट, मेथोडिस्ट, मर्मन्स, एडभेन्टिस्ट, इभान्जलिकल एसोसियसन, यूनिभर्सलिस्ट। माथिका पदहरु पनि हेर्नुहोस्।

२. बालबालिकाहरु परिवर्तन हुन सक्दैनन्: यूनिटरियन्स, क्याम्पबेलाइट्स, ब्याप्टिस्ट। मर्कुस १०:१४, मत्ती १८:६, मत्ती १८:१०,११। (यशैया २८:९ पनि हेर्नुहोस् )

३. चुनिएकाहरु, एकचोटी परिवर्तन भइसकेपछि, फेरी विश्वास गुमाउन सक्दैनन र अनुग्रहबाट पतन हुन सक्दैनन्: क्याल्भिनिस्टिक चर्च, क्याम्पबेलाइट्स, प्रेस्बिटरियन, आदी गलाती ४:१९, लुका ८:१३। (उत्पत्ति ३ पनि हेर्नुहोस् )

४. नचुनिएकाहरुलाई साँचो र प्रभावोत्पादक रुपमा बोलाईएको छैन। क्याल्भिनिस्टिक चर्च, प्रेस्विटरियन्स, कंग्रीगेसनल ख्रीष्टियान, क्याल्भिनिस्टिक ब्याप्टिस्ट।
मत्ती ११:२८, मर्कुस १६:१५,१६, प्रेरित १७:३०, मत्ती २८:१९,२०। (हितोपदेश १:२४, यशैया १:५, १८-२०, इजकिएल ३३:११)

५. पवित्र आत्माले परमेश्वरको वचनद्धारा विश्वास र पश्चात्तापको काम गर्नुहुन्न, तर भित्री ज्योतिद्धारा जुन उहाँले मानिसलाई दिनुहुन्छ। क्वेकर्स। रोमी १०:१७, याकूब १:१८, १पत्रुस २:२

६. विश्वास परमेश्वर पवित्र आत्माको अनुग्रहको बरदान मात्रै होइन तर मानिसले पवित्र

आत्मा नभए तापनि सुसमाचारमा विश्वास गर्न सक्छन् । यूनिटरियन्स, क्याम्पबेलाइट्स, अर्मेनियन्स, कम्बरल्याण्ड प्रेस्विटरियन्स । १कोरिन्थी १२:३, कलस्सी २:१२, मत्ती १६:१७, यूहन्ना ६:४४, ६५ ।

७. परिवर्तनमा परमेश्वरको अनुग्रह रोक्न नसकिने हुन्छः क्याल्भिनिस्टिक चर्च, कंग्रीगेसनल खीष्टियान, क्याल्भिनिस्टिक ब्याप्टिस्ट, आदी, यशैया ६५:२, लुका ७:३० । यूहन्ना ५:४०, (प्रेरित ७:५१)

## १२. खीष्टमा विश्वासको बारेमा

**हामी विश्वास गर्छौं** क) खीष्टले सबैको निम्ति मोल तिर्नुभएको हुनाले सबै मानवजातिको परमेश्वरसँग मिलाप भयो र यो मिलाप मानिसलाई सुसमाचारमा अन्तसम्म घोषणा भयो ताकि सबैजनाले परमेश्वरको अनुग्रहको सुसमाचारमा विश्वास गरुन्, खीष्टमा विश्वास एउटै मात्र माध्यम हो जसद्धारा पाप क्षमा र मुक्ति प्राप्त हुन्छ । ख) खीष्टमा विश्वास चाहिँ खीष्टको खातिर पापको क्षमा ठीकसँग दृढ विश्वास र भरोसा हो ।

क र ख) प्रेरित १०:४३ सबै अगमवक्ताहरुले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्धारा पाप-क्षमा पाउँछ ।

यूहन्ना ३:१६,१७,३६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहि पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्धारा बाचोस् भनेर पठाउनुभयो । जसले पुत्रमाथि विश्वास गर्छ त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ ।

हिब्रु ११:१ अब विश्वास चाहिँ आशा राखिएको कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो । --हेर्नुहोस् रोमी ४:२०,२१

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौंः**

१. विश्वास सुसमाचारको प्रतिज्ञाहरुमा भरोसा होइन, तर मण्डलीले जे सिकाउँछ त्यो स्वीकार गर्नु हो : रोमन क्याथोलिक चर्च । यूहन्ना ३:३६, रोमी ४:२०,२१, २तिमोथी १:१२, यूहन्ना २०:२८

२. बचाउने विश्वास चाहिँ खीष्टको खातिर पापको क्षमामा पापीको विश्वास होइन, तर सुसमाचारको सत्यतामा सहमत हुनु मात्रै हो : रोमन क्याथोलिक चर्च, यूनिभर्सलिस्ट,

आदी । रोमी ८:३८,३९ हिब्रु१०:२२ (रोमी ५:४, हिब्रु ६:१८, १०:३८-३९) ।

३. विश्वासको पात्र चाहिँ क्रुसिकरण हुनुभएको येशू र उहाँको धार्मिकता होइनः यूनिटरियन्स, चर्च अफ न्यू जेरुशलेम, क्वेकर्स, मोर्डनिस्ट, प्रेरित १६:३१,
रोमी ३:२४,२५, रोमी ८:३४, गलाती २:२०, (१कोरिन्थी १:१८,२३, २:२)

४. प्रेम र आज्ञाकारीता चाहिँ सार हुन्, विश्वासका फलहरु होइनन् : यूनिटरियन्स, अर्मेनियन्स, रोमन क्याथोलिक चर्च, मेनोनाइट्स, चर्च अफ न्यू जेरुशलेम, मोर्डनीस्ट, गलाती ५:४,६, हिब्रु ११:१

५. चुनिएकाहरुका हृदयमा बचाउने विश्वास र मरणशील पापहरु सँगै रहन्छन् । रोमन क्याथोलिक चर्च, क्याल्भिनिस्टिक चर्च । १यूहन्ना २:३-४, १यूहन्ना ५:४, यूहन्ना ३:३६, ( रोमी ३:३१, याकूब २:१४-२६, एफिसी २:१०) ।

## १३. धर्मी ठहऱ्याई

**हामी विश्वास गर्छौं** क) परमेश्वरले मानिसहरुलाई तिनीहरुको आफ्नै कामहरुको आधारमा स्वीकार गर्नुहुन्न । ख) तर व्यवस्थाका कामहरुबिना, अनुग्रहद्धारा मात्रै, खीष्टको पूर्ण योग्यताको विवरणमा । उहाँले तिनीहरुलाई धर्मी ठहऱ्याउनुहुन्छ, त्यसको अर्थ, उहाँले तिनीहरु सबैलाई धर्मी ठान्नुहुन्छ जसले खीष्टको खातिर तिनीहरुको पाप क्षमा भएको छ भनी विश्वास गर्छन् । ग) यो सिद्धान्तद्धारा मात्रै खीष्टलाई आदर दिनुपर्ने आदर दिइन्छ, र यसबाट मात्रै पापीहरुले स्थायी सान्त्वना प्राप्त गर्छन् कि परमेश्वर तिनीहरुप्रति निश्चय नै अनुग्रही हुनुहुन्छ (घ) खीष्टियान धर्म बहुमूल्य सिद्धान्तमा केन्द्रित छ कि हामीले आफ्ना कामहरु विना नै परमेश्वरको अनुग्रहबाट खीष्टको खातिर विश्वासद्धारा पापको क्षमा पाउँछौं ।

क) भजनसंग्रह १३०:३,४ हे परमप्रभु, तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु, को खडा हुन सक्छ र ? तर तपाईमा क्षमा छ, र तपाईंको नै भय मानिन्छ ।

भजनसंग्रह ३१:१ हे परमप्रभु मैले तपाईमा शरण लिएको छु, मलाई कहिल्यै पनि शर्माउनु नपरोस्, तपाईंको धार्मिकतामा मेरो उद्धार गर्नुहोस् ।

भजनसंग्रह १४३:२ आफ्ना दासलाई इन्साफमा नल्याउनुहोस्, किनकि तपाईको सामुन्ने कुनै पनि जीवित मानिस धर्मी ठहरिदैन ।
ख) रोमी ३:२८ यसकारण व्यवस्थाको कर्महरुको पालन विना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।

रोमी ३:२२-२४ येशू खीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको

महिमासम्म पुग्नबाट चुकेका छन् । परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैंमा धर्मी ठहरिएका छन् ।

१कोरिन्थी १:३० परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरुका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रो धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो ।

ग) १तिमोथी २:५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ-मानिस ख्रीष्ट येशू ।

रोमी ८:३८,३९ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदुतहरुले वा प्रधानताहरुले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।

२कोरिन्थी १:१९,२० किनभने सिलास, तिमोथी र मैले तिमीहरुका बीचमा प्रचार गरेका परमेश्वरका पुत्र येशू ख्रीष्ट "हो" र "होइन" हुनुहुन्नथ्यो । तर उहाँमा सधैं हो मात्र छ । किनकि परमेश्वरका सबै प्रतिज्ञाहरु उहाँमा "हो" हुन्छ । यसैकारण उहाँद्धारा परमेश्वरका महिमाको निम्ति हामी "आमिन" भन्छौं । --हेर्नुहोस् रोमी ३:२२-२५

रोमी ३:२८ यसकारण व्यवस्थाका कर्महरुको पालन विना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।

२तिमोथी १:९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्धारा बोलाउनुभयो हाम्रो कामको आधारमा होइन तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो ।

रोमी ४:५ जसले कर्मचाहिँ गर्दैन तर भक्तिहिनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ ।
एफिसी २:८-९ किनभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौ- र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो - कर्महरुद्धारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. धर्मी ठहऱ्याउने परमेश्वरको न्याय सम्बन्धि काम होइन जसबाट उहाँले ख्रीष्टको धार्मिकतामा विश्वासीहरुलाई दोष लगाउनुहुन्छ, तर भरिएको अनुग्रहद्धारा पापीहरुको नविकरण र

पवित्रीकरण यसमा सम्मिलित हुन्छः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स, मेनोनाइट, इर्भिङ्गजाइट्स, क्वेकर्स, चर्च अफ न्यू जेरुशलेम, स्क्वेन्कफिल्डियन्स, सालभेसन आर्मी। रोमी ३:२४,२५, रोमी ८:३३,३४, (रोमी ११:६)

२. पापीहरु साँच्चै क्षमा दिइएका हुन्छन्, तर ख्रीष्टको खातिर र उहाँको धार्मिकताको दोषले गर्दा होइनः यूनिटरियन्स, अर्मेनियन्स, मोर्डनिस्ट, यूनिभर्सलिस्ट। एफिसी १:७, रोमी ११:६, प्रेरित १०:४३, २कोरिन्थी ५:२१, फिलिप्पी ३:९

३. धर्मी ठहऱ्याइ पापको वर्तमान क्षमादानमा हुँदैन (किनकि प्रायश्चित अझै सकिएको छैन), तर तिनीहरुको लागि जसले पाप स्वीकार र पाप त्यग गर्छन तिनीहरुलाई भविष्यको क्षमादानको प्रतिज्ञामा हुन्छ। सेभेन्थ डे एडभेन्टिस्ट। रोमी ३:२४,३५, (भजनसंग्रह १०३:३)

४. पाप क्षमा भएको छैन, तर अझ ठीकसँग भन्ने हो भने पाप नाश गरिएको छः ख्रीष्टियान साइन्टिस्ट, १यूहन्ना १:८,९।

५. परमेश्वरले पाप क्षमा गर्दा सबै सजायहरु क्षमा गर्नुभएन, तर मानिस आफैले पापको अस्थायी सजायहरुको मोल तिर्नुपर्छ : रोमन क्याथोलिक चर्च, यूनिभर्सलिस्ट। एफिसी २:४,५, १यूहन्ना ४:१०, कलस्सी २:१३, रोमी ४:५, १०:४, (हिब्रु १०:१४)।

६. मानिस साँच्चै विश्वासद्धारा धर्मी ठहऱ्याइएको छ, विश्वासले ख्रीष्टको योग्यतामा भरोसा गर्दछ, तर किनभने यो उहाँको वचनको इच्छुक आज्ञाकारीता हो : इस्टर्न क्याथोलिक चर्च, मेनोनाइट्स, चर्च अफ न्यू जेरुशलेम, सेभेन्थ डे एडभेन्टिस्ट, मर्मन, इर्भिङ्गजाइटिस्, अर्मेनियन्स, यूनिटरियन्स, फ्रि प्रोटेस्टेन्ट, क्याम्पबेलाइट्स। फिलिप्पी ३:९, प्रेरित १०:४३, एफिसी२:८,९, रोमी४:१६, (रोमी१०:१-४)।

७. मानिस "विश्वासको कामद्धारा" धर्मी ठहऱ्याइएको हो, र उसको मुक्ति उसको असल कार्यहरुमा निर्भर हुन्छः क्याम्पबेलाइट्स, क्वेकर्स, ख्रीष्टियान इस्राएलाइट्स, रोमी३:२२, (रोमी११:६)

८. ख्रीष्टियान उसको पापको क्षमामा निश्चित हुन सक्दैन तर उसको मुक्तिको सम्बन्धमा शंकामा रहनुपर्छ। रोमन क्याथोलिक चर्च। रोमी ५:१,२, रोमी८:१५,१६।

९. तिनीहरुमात्रै पापको क्षमामा निश्चित हुन सक्छन्, जसले परमेश्वरको अनुग्रहको निश्चयता उसको हृदयमा अनुभव गर्दछ। मेथोडिस्ट, मोराभियन्स, इभान्जेलिकल, कंग्रीगेसनल, सालभेसन आर्मी, क्याल्भिनिस्ट चर्च, यूहन्ना २०:२९, १यूहन्ना ३:२०, रोमी४:१८-२२, याकूब १:६, (भजनसंग्रह ५१:३,८, १०-१२, भजनसंग्रह २८:१)।

## १४. पश्चात्तापको बारेमा

**हामी विश्वास गर्छौं** क) पश्चात्ताप चाहिँ पापी मानिस परमेश्वर तर्फ ख्रीष्ट येशूमा विश्वासद्धारा

साँचो रुपमा परिवर्तन हुनु हो जससँग व्यवस्थाद्धारा पापको ज्ञान छ र त्यसको लागि दुःखी अनुभव गरिरहेको छ। ख) यसकारण पश्चात्तापमा दुई भाग हुन्छन्, अर्थात् पश्चात्ताप र विश्वास, ग) पश्चात्ताप चाहिँ हृदयको सत्य र साँचो दुःख हो जुन, उसको पापको विवरणमा ईश्वरीय व्यवस्थाले प्रकाशित गर्दछ, त्यो चाहिँ परमेश्वरको क्रोध र उहाँको धार्मिक सजायहरुको भयभीत र पीडित दृश्य हो घ) विश्वासचाहिँ आत्माको काम हो जसद्धारा यो पवित्र आत्माको शक्तिद्धारा परमेश्वरको अनुग्रह र कृपाले राखिन्छ,, अनन्त जीवन प्राप्त गर्ने उद्धेश्यको लागि सुसमाचारमा जनाइएको छ।

क) लुका १८:१३ तर कर उठाउने चाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, “हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् !”

ख र ग) भजनसंग्रह ५१:१७, तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।
प्रेरित १६:३०, ३१ तिनीहरुलाई बाहिर ल्याएर उनले भने, “उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?” अनि तिनीहरुले भने, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ- तपाई र तपाईको परिवारले।”

घ) २तिमोथी १:१२ यसकारण मैले यी कुरा भोगेको पनि छु। तर म शर्माउँदिन, किनकि मैले कसमाथि विश्वास राखेको छु, सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ।

१कोरिन्थी१२:३ यसकारण तिमीहरुले यो कुरा बुझेको म चाहन्छु, कि परमेश्वरका आत्माद्धारा बोल्ने कसैले “येशू श्रापित होस्” भन्दैन, अनि पवित्र आत्माद्धारा मात्र “येशू नै प्रभु हुनुहुन्छ” भन्न सक्छ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. पश्चात्ताप बप्तिस्मा पछि मरणशील पापको क्षमाको लागि नयाँ करारको संस्कार हो र यो हृदयको पश्चात्तापमा हुन्छ, पुजाहारीको अगाडी सबै पापहरुको स्वीकार, र कर्मद्धारा त्यसको मोल तिराई हो : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इस्टर्न अर्थोडक्स चर्च। प्रेरित १९:४, प्रकाश २:५, यशैया ५४:१०, (६६:२, होशे १४:२), लुका २४:४६,४७, हिब्रु ११:६, (यर्मिया ३१:१९)।
२. विश्वास पश्चात्तापको आवश्यक भाग होइनः क्याल्भिनिस्टिक चर्च, मेथोडिस्ट, इभान्जेलिकल कंग्रीगेसनल चर्च, मोराभियन्स, सालभेसन आर्मी, फ्रि विल व्याप्टिस्ट। मत्ती ३:२, मत्ती ५:६, यूहन्ना ३:१६।

३. पश्चात्ताप पाप त्याग र हृदयको नवीकरणमा आवश्यक हुन्छ : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, मेनोनाइट्स, मर्मन्स, फ्रि विल व्याप्टिस्ट, चर्च आफ न्यू जेरुशलेम, यूनिटरियन्स, यूनिभर्सलिस्ट, फ्रि प्रोटेस्टेन्ट, सेभेन्थ डे एडभेन्टिस्ट, क्याम्पबेलाइट्स, क्याल्भिनिस्टिक रिफर्म चर्च, मेथोडिस्ट, इभान्जलिकल कंग्रीगेसनल, मोराभियन्स । भजनसंग्रह ६:३,४, रोमी ४:६, (१राजा ८:४७, इजकिएल १४:६, लुका १७:४, प्रेरित २६:२०) ।

## १५. पवित्रीकरण र असल कार्यहरु

**हामी विश्वास गर्छौं** क) असल कार्यहरु चाहिँ नयाँ जन्मेकाहरुको सबै कार्यहरु हुन्, पवित्र आत्माको शक्तिमा प्रदर्शन भएको, साँचो विश्वासबाट काम, र परमेश्वरको आज्ञाहरुलाई स्वीकार गर्नु हो, र परमेश्वरलाई महिमा दिन डिजाइन गरिएको र उहाँलाई दिनुपर्ने धन्यवाद प्रकट गर्नु हो, ख) किनकि यो जीवनमा पवित्रीकरण अपूर्ण मात्रै छ, शरिरको कमजोरी र कलंकले गर्दा ती असल कार्यहरु जो नयाँ जन्मेकाहरुले गर्दछन् ती पनि अपूर्ण छन् । ग) पापको प्रायश्चित अनन्त जीवनको लागि योग्य हुनको लागि होइन, तर विश्वास प्रकट गर्न र ईश्वरीय लाभ प्राप्त गरेकोमा धन्यवाद दिन असल कार्यहरु गरिनुपर्छ ।

क) मत्ती १५:९ तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र हुन् ।

यूहन्ना १५:५ दाखको बोट म हुँ, तिमीहरु चाहिँ हाँगाहरु हौ । यदी कोहि ममा रह्यो भने र म त्यसमा रहेँ भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरु केहि गर्न सक्दैनौ ।

१कोरिन्थी १०:३१ यसकारण चाहे तिमीहरु खाओ अथवा पिओ, वा तिमीहरु जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर । --हेर्नुहोस् कलस्सी ३:७
ख) रोमी ७:२१-२४ यसरी एउटा नियमले काम गरेको म पाउँछु । जब म भलो गर्न चाहन्छु तब दुष्टतालाई मेरो नजीकै उपस्थित पाउँछु, किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरा अङ्गहरुमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछ, र मेरा अङ्गहरुमा बास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ । हाय म कस्तो दु:खी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ?

गलाती ५:१७ किनकि पाप स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पाप स्वभावको विरुद्ध । तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नका

निम्ति यीचाहिँ एउटा अर्काको विरुद्धमा हुन्छन् ।

ग) मत्ती ५:१६ यसरी नै तिमीहरुका ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुकर्म देखून, र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन् ।
एफिसी २:८ किनभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौ - र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो - कर्महरुद्धारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

एफिसी २:१० किनकि हामी असल कामहरुका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौँ । हामी तीबमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिल्यैबाट ती तयार गर्नुभएको थियो ।

याकूब २:१७, १८ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँ:**

१. पूर्ण पवित्रीकरण र पूर्ण असल कार्यहरु यो जीवनमा पहिल्यैदेखि सम्भव छ: रोमन क्याथोलिक चर्च, अर्मेनियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल, साल्भेसन आर्मी, स्क्वेन्कफेल्डियन्स, यूनिटरियन्स, मर्मन, सेकर्स, होलिनेस चर्च । फिलिल्पी ३:१२, १थेसलोनिकी४:१, २कोरिन्थी ४:१६, एफिसी ४:१५, याकूब ३:२, ( यर्मिया १७:९, रोमी ८:७) ।
२. नयाँ गरी नजन्मेकाहरुले पनि असल कार्यहरु गर्न सक्दछन्: अर्मेनियन्स, क्याम्पबेलाइट्स, यूनिटरियन्स, चर्च अफ न्यू जेरुशलेम, क्वेकर्स, एफिसी २:१०, रोमी १४:२३, मत्ती७:१६, यूहन्ना १५:५
३. त्यस्ता कार्यहरु पनि असल कामहरु हुन् जुन चर्चको आज्ञामा परमेश्वरको विशेष आज्ञाविना पनि गरिन्छ : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च । कलस्सी २:१६-२३, १तिमोथी४:१-५
४. मानिसले अर्काको हितको निम्ति अनावश्यक काम गर्न सम्भव छ: रोमन क्याथोलिक चर्च । यशैया ६४:६, लुका १७:१०, भजनसंग्रह ४९:७,८ ।
५. खीष्टियानहरुको असल कार्य चाहिँ पूर्ण रुपमा असल र पवित्र हुन्छ । क्वेकर्स, हिब्रु१२:१, रोमी७:८,२३, गलाती५:१७, (यशैया ६४:६)
६. असल कार्यहरु मुक्तिको योग्य हुनको लागि आवश्यक छन्: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, वाल्डेन्सियन्स, मेनोनाइट्स, क्याम्बेलाइट्स, सेभेन्थ डे एडभेन्टिस्ट, क्वेकर्स, चर्च अफ न्यू जेरुशलेम, मर्मन, खीष्टियान इस्राएलाइट्स, मत्ती ५:१६, एफिसी २:९-१०, यूहन्ना ३:१६, हबकूक२:४, यूहन्ना ३:३६ । लजरी, मोर्डनिस्ट र साम्प्रदायिक चर्च पनि ।

# १६. प्रार्थनाको बारेमा

**हामी विश्वास गर्छौं** क) प्रार्थना ईश्वरीय सेवा हो जसमा खीष्टियानहरुले आत्मविश्वासी भएर सत्य र जीवित परमेश्वरलाई तिनीहरुको मध्यस्थकर्ता येशू खीष्टको नाउँमा ती कुराहरुको लागि पुकारा गर्दछन् जो तिनीहरुलाई खाँचो छ, र जसमा तिनीहरुले उहाँलाई पाएको आशिषको लागि स्तुती र धन्यवाद दिन्छन् ख) खीष्टियानहरुले आफ्नै लागि प्रार्थना गर्नुपर्छ र अरुहरुको लागि पनि कुनै विभेद नराखीकन गर्नुपर्छ, तर विशेषगरी तिनीहरुका लागि जो विश्वासका परिवारहरु हुन्, ग) खीष्टियानहरुले मृतकहरुका लागि प्रार्थना गर्नुहुँदैन, घ) तर अन्यथा तिनीहरुले सधैं र सबै स्थानमा आफ्नै लागि र खीष्टमा भरोसा गर्ने र परमेश्वरलाई समय दिने र तिनीहरुको इच्छाहरु प्रदान गर्ने व्यवहार भएका सबै मानिसहरुको लागि प्रार्थना गर्नुपर्छ ।

क) भजनसंग्रह १०:१७, हे परमप्रभु पीडितहरुको इच्छा तपाईं सुन्नुहुन्छ, तिनीहरुको हृदयलाई तपाईं बलियो पार्नुहुन्छ । तिनीहरुको पुकार तपाईं सुन्नुहुन्छ ।

भजनसंग्रह २७:८ मेरो हृदयले तपाईको विषयमा भन्दछ, “उहाँको मुहारको खोजी गर् ।” हे परमप्रभु तपाईको मुहारको खोजी म गर्नेछु ।

फिलिप्पी ४:६ कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरुका  बिन्ती परमेश्वरमा जाहेर होऊन् ।

ख) १तिमोथी २:१-३  सर्वप्रथम म आग्रह गर्दछु कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढाइऊन्, राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं । हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ ।

ग) हिब्रु ९:२७ जसरी मानिसको निम्ति एकपटक मर्नु निश्चित छ र त्यसपछि इन्साफ
घ) १तिमोथी२:८ यसकारण सबै ठाउँमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विना विवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. स्वर्गदुतहरु र मरेका सन्तहरु, विशेषगरी मरियम, “कृपाकी माता”लाई सहायताको निम्ति पुकार्नुपर्छ, र सन्तहरुको चित्रहरु र अवशेषहरुलाई श्रद्धा गरिनुपर्छ: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, मत्ती ४:१०, भजनसंग्रह ६५:२, प्रकाश १९:१०, यशैया ६३:१६, लुका ११:२-४, (यशैया ४५:२२)

२. पिता परमेश्वरलाई मात्र, नता पुत्र न पवित्र आत्मालाई प्रार्थनामा सम्बोधन गनुपर्छ : यूनिभर्सलिस्ट, यूनिटरियन्स, मोर्डनिस्ट, क्याल्भिनिस्टिक चर्च, लज । रोमी १०:१३-१४, यूहन्ना ५:२३, यशैया ४८:१६-१७, भजनसंग्रह२:१२) ।

३. मरेका मानिसहरुको आत्मालाई पनि पुकारा गर्नुपर्छ: स्पिरिटिस्ट । प्रकाश १९:१०, यशैया ६३:१६ ।

४. खीष्टियानहरुले मृतकहरुका लागि प्रार्थना गर्नुपर्छ : रोमन क्याथोलिक र इस्टर्न अर्थोडक्स चर्च । व्यवस्था ४:२, १कोरिन्थी ३:८, (हिब्रु ९:२७) ।

## १७. अनुग्रहको माध्यमको बारेमा

**हामी विश्वास गर्छौं** क) परमेश्वरले खीष्टले जुटाउनुभएको आत्मिक आशिषहरु, जस्तो पापको क्षमा र पवित्र आत्मा, आदी उहाँले अभिषेक गर्नुभएको अनुग्रहको माध्यमबाहेक अरु कुनै तरिकाबाट प्रदान गर्नुहुन्न र सञ्चार पनि गर्नुहुन्न । ख) यी विश्वासका माध्यमहरु चाहिँ सुसमाचार, बप्तिस्मा र प्रभु भोज हुन् । ग) यो प्रशस्त मात्रामा सुसमाचारहरुको प्रेरित२०:२४-३२, रोमी १०:१७,द्धारा प्रमाणित गरिएको छ, बप्तिस्माको चाहिँ प्रेरित २:३८, तीतस ३:५, प्रभु भोजको बारेमा लुका२२:१९,२०, मत्ती २६:२८, घ) यो कारणको लागि, सुसमाचार र पवित्र संस्कारहरु मात्रै परमेश्वरद्धारा अभिषेक गरिएका अनुग्रहका माध्यमहरु हुन्, खीष्टले मण्डलीलाई संसारमा गएर सुसमाचार सुनाउने र पवित्र संस्कारहरु संचालन गर्न आदेश दिनुभएको छ । ( मर्कुस १६:१५,१६), ङ) त्यसकारण, मण्डली निर्माण गर्न अरु सबै मानवनिर्मित माध्यमहरु “नयाँ तरिकाहरु” हुन, जसद्धारा मण्डली निर्माण हुँदैन तर हानी हुन्छ ।

क) १कोरिन्थी१:२१, संसारले आफ्नै बुद्धिद्धारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मूर्खताद्धारा नै विश्वास गर्नेहरुलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो ।

१कोरिन्थी१२:१३ किनकि एउटै पवित्र आत्माद्धारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौँ- यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माद्धारा पिउन दिइयो ।

ख र ग)प्रेरित२०:२४,३२ तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठाँन्दिन । यति मात्र चाहन्छु, कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाई म पूरा गर्न सकूँ ।

रोमी १०:१७ जे सुनिएको छ त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो खीष्टको प्रचारबाट आउँछ ।

प्रेरित२:३८ पत्रुसले तिनीहरुलाई भने, "पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको बरदान पाउनेछौ ।

मत्ती२६:२८ किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ ।

घ)मर्कुस १६:१५,१६ अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।

ङ) बसालिएको जगभन्दा अरु कुनै जग मानिसले बसाल्न सक्दैन, जो येशू खीष्ट हुनुहुन्छ ।

(यूहन्ना६:६३ख  जुन वचन मैले तिमीहरुसँग बोलेको छु, ती आत्मा र जीवन हुन् । )

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. सातवटा धार्मिक संस्कारहरु छन्, र तिनीहरु अनुग्रहका माध्यमहरु हुन् । रोमन र इस्टर्न अर्थोडक्स चर्च, मत्ती २८:१९, मत्ती २६:२६-२८ ।

२. पवित्र संस्कारहरु पवित्र बप्तिस्मा र प्रभु भोज चाहिँ अनुग्रहका माध्यमहरु होइनन् जसद्धारा परमेश्वरले उहाँको अनुग्रह र आत्मा खन्याउनुहुन्छ । क्याल्भिनिस्टिक चर्च, प्रेस्बिटरियन, कंग्रीगेसनल खीष्टियान, ब्याप्टिस्ट, मेनोनाइट्स, मेथोडिस्ट, यूनाइटेड इभान्जलिकल ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल चर्च, आदी । माथिका पदहरु हेर्नुहोस् ।

३. परमेश्वरले खीष्ट एक्लैबाट अनुग्रहको माध्यमद्धारा किनिएको आत्मिक आशिषहरु दिनु वा संचार गर्नुहुन्न, तर तुरुन्तै अनुग्रहको माध्यमसँगै दिनुहुन्छ । क्यल्भिनिस्टिक चर्च, मेथोडिस्ट, ब्याप्टिस्ट, प्रेस्बिटरियन, साल्भेसन आर्मी, यशैया ५५:१०,११, यूहन्ना ६:६८, प्रेरित १३:२६, प्रेरित ४:१२, १कोरिन्थी६:११, गलाती ३:२६,२७, एफिसी५:२५,२६, लुका७:३० ।

## १८. व्यवस्था र सुसमाचारको बारेमा

**हामी विश्वास गर्छौं** क)कि परमेश्वरको वचन ठीकसँग सिकाउनलाई, व्यवस्था र सुसमाचारबीचको सही भिन्नताहरु हेर्नुपर्दछ । ख) व्यवस्थाले पाप प्रकट गरिदिन्छ, परमेश्वरको क्रोधको घोषणा गर्दछ, उहाँलाई पूर्ण रुपमा आज्ञा पालन नगर्नेहरुलाई दोषी ठहऱ्याउँछ, र परमेश्वरको इच्छा अनुसार गर्नको लागि आज्ञा गर्दछ, मानिसले त्यो गर्नुपर्छ र नगरिकन छोड्नुहुँदैन, तैपनि, माग गरिएका कामहरु गर्नको लागि शक्ति दिनुहुन्छ, ताकि कोहि मानिस पनि व्यवस्थाका कामहरुले बचाइन सक्दैन । ग) सुसमाचार चाहिँ खीष्ट येशूद्धारा मुक्तिको अनुग्रही सन्देश हो, जसद्धारा

पवित्र आत्माले विश्वासको काम गर्नुहुन्छ र मानिसहरुलाई बचाउनुहुन्छ । घ) सम्पूर्ण व्यवस्था यसको गम्भीरतामा  र सुसमाचार यसको सम्पूर्ण मीठासमा प्रचार गरिनुपर्छ ।

क र ख) रोमी ४:१५, किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन ।

गलाती ३:२१ तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरुका विरुद्ध छ र ? कदापी छैन यदी जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो ।

व्यवस्था२७:२६ यस व्यवस्थाका वचन पूरा गरी पालन नगर्ने मानिस श्रापित होस् --रोमी ३:२०, भजनसंग्रह१४३:२

ग) १तिमोथी१:१५ यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरुलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरुमा म सबैभन्दा मूख्य हुँ ।
यूहन्ना ३:१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गनुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।
लुका २:१० तब स्वर्गदूतले तिनीहरुलाई भने, “नडराओ, किनभने हेर म तिमीहरुलाई बढो अनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरुको निम्ति हुनेछ ।”

घ) गलाती३:१० व्यवस्थाका कामहरुमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, “व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ ।”

रोमी १:१७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जो चाहिँ सम्पूर्ण रुपले विश्वासद्धारा नै आउँछ। यस्तो लेखिएको छ, “धर्मीचाहिँ विश्वासद्धारा नै जीउनेछ ।”

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. सुसमाचार पनि असल कार्यहरु सम्बन्धित सिद्धान्त हो: रोमन क्याथोलिक चर्च, अर्मेनियन्स, मेथोडिस्ट, यूनाइटेड इभान्जेलिकल ब्रेदरेन, इभान्जेलिकल कंग्रीगेसनल, १तिमोथी १:१५, यूहन्ना १:१७, यूहन्ना ३:१६, (रोमी १०:१५, गलाती १:६-९, एफिसी६:१५, २थेस्सलोनिकी१:१०)।
२. सुसमाचार चाहिँ मानिसलाई पवित्र आत्माको तुरन्त दिइने बरदानको रुपमा दिइएको भित्री ज्योति हो: क्वेकर्स, लुका ४:१८,१९, एफिसी १:१३, एफिसी२:१७, (रोमी १०:१७)

३. सुसमाचारका प्रतिज्ञाहरु ससर्त छन्, र तिनीहरुलाई मात्रै दिइन्छ जसले मण्डली र परमेश्वरका व्यवस्थाहरु पालन गर्छः रोमन क्याथोलिक चर्च । (रोमी१०:५-८, ११:६), रोमी ४:१६, प्रेरित१६:३१ ।

४. मानिस व्यवस्थाको पालनद्धारा खीष्टियान बन्दछः मेथोडिस्ट, रोमन क्याथोलिक चर्च, गलाती ३:२,५, गलाती ३:२१,२२, २कोरिन्थी३:६ ।

५. नयाँ करारमा पनि खीष्टियानहरुले विधी-विधान व्यवस्थाहरु पालन गर्नुपर्दछः रोमन क्याथोलिक चर्च (प्रेरितहरुका कानूनहरु र तिनीहरुका उत्तराधिकारीहरुका), इस्टर्न अर्थोडक्स चर्च, प्रेस्बिटरियन, कंग्रीगेसनल खीष्टियान, , फ्रि विल व्याप्टिस्ट, ब्याप्टिस्ट, मेनोनाइट्स, मेथोडिस्ट, यूनाइटेड इभान्जलिकल ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल चर्च, मोराभियन्स, क्वेकर्स, मर्मन्स (विधि विधानका व्यवस्थाहरु सबाथको सम्बन्धमा यसलाई आइतबार मनाउनै पर्छ), सेभेन्थ डे एडभेन्टिस्ट (सबाथलाई सातौं दिनमा मान्ने), इर्भिङ्गजाइटिस् ( दशांससँग सम्बन्धित व्यवस्थाहरु), हिब्रु १०:१, कलस्सी२:१६, गलाती५:१२-१३, प्रेरित १५:१०, २८-१९, रोमी१४:५,६, गलाती४:१०,११, मर्कुस २:२७, गलाती५:३, गलाती२:३-५ ।

## १९. पवित्र संस्कारहरुबारे

**हामी विश्वास गर्छौ** क) पवित्र संस्कारहरु परमेश्वरद्धारा अभिषेक गरिएका हुन्, जसमा, उहाँको वचनमा जोडिएका केहि अनिश्चित बाह्य साधनहरुद्धारा उहाँले मानिसहरुमा अनुग्रह दिनुहुन्छ, हस्तान्तर गर्नुहुन्छ र सुनिश्चित गर्नुहुन्छ जुनचाहिँ खीष्टले दुःख भोगाइ र मृत्युद्धारा योग्य गर्नुभयो । ख) खीष्टले दुईवटा मात्रै धार्मिक संस्कारहरु स्थापना गर्नुभयो, अर्थात्, पवित्र बप्तिस्मा र प्रभु भोज ।

क) यूहन्ना ३:५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोहि पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

ख)मत्ती २८:१८-२० तब येशू तिनीहरुकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ । मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।"

मर्कुस१६:१५,१६ अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सार सृष्टिलाई

सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।

लुका२२:१९,२० अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरुलाई यसो भन्दै दिनुभयो, "तिमीहरुका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।"

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. खीष्टले बप्तिस्मा र प्रभु भोज बाहेक पनि अरु पाँचवटा धार्मिक संस्कारहरु स्थापना गर्नुभएको छ अर्थात्, पुष्टिकरण, पश्चात्ताप, अन्तिम तेल घसाइ, पुजाहारीहरुको अभिषेक, र विवाहः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, माथिका पदहरु पनि हेर्नुहोस् ।
२. बप्तिस्मा र प्रभु-भोज बाहेक त्यहाँ परमेश्वरका कानूनहरु छन् त्यसले बराबर रुपमा बाँध्दछ: मेनोनाइट्स, इर्भिङ्गजाइटिस्, मर्मन, सिक्स प्रिन्सिपल ब्याप्टिस्ट, (गोडा धुवाइ, हात राख्ने, रोगी बिरामीहरुलाई तेल लगाएर अभिषेक गर्ने, आदी) माथीका पदहरु हेर्नुहोस् ।
३. पवित्र संस्कारहरु अनुग्रहका माध्यमहरु होइनन्, तर खाली अनुग्रहका चिन्ह र संकेत मात्र हुन्: क्याल्भिनिस्टिक चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन, कंग्रीगेसनल खीष्टियान, ब्याप्टिस्ट, मेनोनाइट्स, अर्मेनियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल चर्च, फ्रि प्रोटेस्टेन्ट, आदी । एफिसी ५:२५-२७, लुका७:३०, (१पत्रुस३:२१)। माथीका पदहरु, साथै मोर्डनिस्ट ।
४. संस्कारहरु सबै खीष्टियानहरुको लागि, सबै समयको लागि स्थापना गरिएको होइन, र तिनीहरु कुनैपनि अर्थमा अनुग्रहका माध्यम होइनन् । क्वेकर्स, यूनिटरियन्स । लुका७:३०, (मत्ती२६:२७, १कोरिन्थी११:२६, १पत्रुस ३:२१) ।
५. संस्कारहरुले अनुग्रह ex opere operato प्रदान गर्दछ, त्यसको अर्थ, कार्यको खाली प्रर्दशनले, प्रापकमा विश्वासबिना पनि अनुग्रह आउँदछ । रोमन क्याथोलिक चर्च, प्रेरित८:३६,३७, १कोरिन्थी ११:२७, २९, रोमी ४:११, हिब्रु ११:६ ।

## २०. पवित्र बप्तिस्मा

**हामी विश्वास गर्छौं** क) बप्तिस्मा चाहिँ साधारण पानीमात्र होइन तर पानी परमेश्वरको आज्ञामा गाभिएका र परमेश्वरको वचनमा जोडिएको हो, ख) बप्तिस्माले पापको क्षमाको काम गर्दछ, मृत्यु र दुष्टबाट छुटकारा दिन्छ, र जसले यसलाई विश्वास गर्छन् तिनीहरुलाई अनन्त मुक्ति दिन्छ, जसै परमेश्वरको वचन र प्रतिज्ञा घोषणा गरिन्छ, ग) यो बप्तिस्माको पानीले यी कुराहरु दिने होइन, तर परमेश्वरको वचनले दिन्छ जो पानीमा र पानीभित्र हुन्छ, र विश्वास जसले पानीमा भएको परमेश्वरको वचनमा भरोसा गर्दछ, किनभने परमेश्वरको वचन विना

पानी साधारण पानी हो र बप्तिस्मा होइन, तर परमेश्वरको वचन साथमा भए यो बप्तिस्मा हो, त्यसको अर्थ, अनुग्रही जीवनको पानी र पवित्र आत्मामा नयाँ जन्मको धुवाई हो, घ) बप्तिस्माले संकेत गर्दछ कि हामीमा भएको पुरानो आदम दैनिक पछुतो र पश्चात्तापद्धारा डुब्नुपर्छ र सबै पापहरु र दुष्ट लालसाहरुसँगै मर्नुपर्छ, र फेरी नयाँ मानिस दैनिक रुपमा आउँछ र खडा हुन्छ, जो परमेश्वरको अगाडी धार्मिकतामा र शुद्धतामा सधैं जीउँछ ।

क) मत्ती २८:१९,२०यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ । मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु । ( शब्दानुवादः सबै देशका सबै जनालाई बप्तिस्मा दिएर चेला बनाओ, आदी )

मर्कुस १६:१५,१६ अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सार सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।
ख) प्रेरित २:३८ पत्रुसले तिनीहरुलाई भने, "पश्चात्ताप गर, र तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ ।

यूहन्ना ३:५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोहि पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन ।

गलाती ३:२६,२७ किनकि विश्वासद्धारा तिमीहरु सबै खीष्ट येशूमा परमेश्वरका सन्तान हौ । किनकि तिमीहरुमध्ये जतिको खीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले खीष्टलाई धारण गरेका छौ । --हेर्नुहोस् तीतस३:५,७, एफिसी५:२५-२७, मर्कुस१६:१६, मर्कुस १:४

ग) मर्कुस १६:१६, विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।
तीतस३:५,७ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

एफिसी ५:२६ यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्धारा पवित्र पार्न सकून् ।

घ) १कोरिन्थी१२:१३ किनकि एउटै पवित्र आत्माद्धारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं- यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौंः**

१. बप्तिस्मा चाहिँ सुरुका खीष्टियान मण्डलीहरुको लागि मात्रै स्थापना गरिएको हो र अब यो धेरै बाध्य छैनः यूनिटरियन्स, क्वेकर्स, सालभेसन आर्मी, सेकर्स, मोर्डनीस्ट, मत्ती २८ः१९, यूहन्ना ३ः५,६

२. मण्डलीका साँचो अभिषेक पाएका सेवकहरुले मात्रै बप्तिस्मा दिन सक्छन् । क्याल्भिनिस्टिक चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन्स, कंग्रीगेसनस खीष्टियान, ब्याप्टिस्ट, मर्मन, (किनकी बप्तिस्मा आवश्यक अनुग्रहको साधन हो, जो कोहि खीष्टियानले आकस्मिक अवस्थामा यसलाई संचालन गर्न सक्छ) यूहन्ना३ः५

३. डुबाइ बप्तिस्मा मात्रै बप्तिस्मा गर्ने ठीक तरिका होः इस्टर्न अर्थोडक्स चर्च, ब्याप्टिस्ट, क्याम्पबेलाईट्स, सेभेन्थ डे एडभेन्टिस्ट, मर्मन,
(बप्तिस्माको लागि ग्रीक शब्दको अर्थ, डुब्नु मात्रै नभई, खन्याउने र छर्कने पनि हुन्छ) मर्कुस ७ः४, लुका ११ः३८, प्रेरित१ः५, प्रेरित २ः१६,१७, हिब्रु १०ः२२, (११ः२९), प्रेरित२२ः१६

४. बप्तिस्मा खीष्टियानहरुको सम्पूर्ण जीवनभरी लाभदायक हुँदैन, तर बप्तिस्मा लिनुभन्दा अगाडी गरिएका मौलिक पाप र वास्तविक पापहरु मात्रै, सम्पूर्ण रुपमा हटाउँछ, रोमन क्याथोलिक र इस्टर्न अर्थोडक्स चर्च, १कोरिन्थी६ः११, गलाती(२ः२७), ५ः२४, रोमी७ः१८-२१, (१तिमोथी१ः१५) ।

५. बप्तिस्माले पापको क्षमाको काम गर्दैन तर खाली पापबाट धोइएको चिन्ह र चित्र होः क्याल्भिनिस्टिक चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन, कंग्रीगेसनल खीष्टियान, ब्याप्टिस्ट, मेनोनाइट, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जेलिकल कंग्रीगेसनल, मोराभियन्स, चर्च अफ द न्यू जेरुशलेम, एडभेन्टिस्ट, मर्कुस १ः४, रोमी६ः३, तीतस३ः५ ।

६. बप्तिस्माले आज्ञाकारीता र विश्वासको कामको रुपमा पापको क्षमाको काम गर्दछः क्याम्पबेलाइट्स मर्मन । (यस्तो भए त मुक्ति असल कामहरुद्धारा पाइने हुन्छ ।) मर्कुस१६ः१६, तीतस३ः५, रोमी ६ः३, गलाती ३ः२६, २७, (१कोरिन्थी ६ः११) ।

७. बप्तिस्माले पापको क्षमाको काम गर्दैन, तर पाप क्षमाको लागि आवश्यक छ जुन चाहिँ हजार बर्षको समयमा दिइनेछ । सेभेन्थ डे एडभेन्टिस्ट । (१पत्रुस ३ः२१) ।

८. बप्तिस्मा नयाँ जन्मको धुवाइ, तर खाली मण्डलीमा विधिवत स्वागत होः यूनिटरियन्स, फ्रि प्रोटेस्टेन्ट, क्याल्भिनिस्टिक चर्च । माथिका पदहरु हेर्नुहोस् ।

९. आत्माको बप्तिस्मा पाएमा र पानीको बप्तिस्मा बिना पनि मुक्तिको कार्य हुन्छः क्वेकर्स, साल्भेसन आर्मी, (बप्तिस्मा चाहिँ नयाँ जन्मको धुवाई हो र पवित्र आत्माको नवीकरण हो, तीतस ३ः५)। माथिका पदहरु हेर्नुहोस् ।

१०. तिनीहरु जो बाल्यावस्थामा बप्तिस्मा भएकाहरुले हुर्किसकेपछि पनि पुनःबप्तिस्मा लिनुपर्छ ।

मेनोनाइट्स, क्याम्पबेलाइट्स, ब्याप्टिस्ट । २तिमोथी २:१३, रोमी ३:३,४, रोमी ११:२९, (१पत्रुस३:२१, कलस्सी २:११-१२, एफिसी५:२५-२७) ।

११. मृतकहरुको भलाईको लागि मानिसले बप्तिस्मा लिनसक्छन्: मर्मन । प्रेरित२:३८, हबकूक२:४, (हिब्रु ९:२७) ।

१२. खीष्टियान आमाबाबुबाट जन्मिएका बालबालिकाहरु बप्तिस्मा विना पनि परमेश्वरको दृष्टिमा पवित्र हुन्छन् । क्याभिनिस्टिक चर्च, प्रेस्बिटरियन, मेनोनाइट्स, यूहन्ना३:५,६, एफिसी२:३, भजनसंग्रह५१:७, यूहन्ना १:१३ ।

१३. सबै बालबालिकाहरु अबोध छन् र स्वभावैले पवित्र छन्: मोर्डनीस्ट, मर्मन, साधारण रुपमा साम्प्रदायिक चर्चहरु । माथिका पदहरु ।

१४. बालबालिकाहरुको बप्तिस्मा गर्नुहुँदैन । मेनोनाइट्स, ब्याप्टिस्ट, क्याम्पबेलाईट्स, मर्मन, सेभेन्थ डे एडभेन्टिस्ट । मत्ती २८:२०, यूहन्ना ३:५,६, मर्कुस १६:१५,१६, मर्कुस १०:१३-१६

१५. शिशुहरुको बप्तिस्मा मण्डलीको कानून हो, जुनचाहिँ गरेपनि हुन्छ नगरेपनि हुन्छ। यूनिटरियन्स, साल्भेसन आर्मी, अर्मेनियन्स, क्वेकर्स, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, मर्कुस १०:१४, मत्ती १८:१०,११ ।

१६. बालबालिकाहरुले विश्वास गर्न सक्दैनन् : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, सामान्यतया क्याल्भिनिस्टिक चर्चहरु, इपिस्कोपलियन्स, अर्मेनियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल, मेनोनाइट्स, क्याम्पबेलाइट्स, सेभेन्थ डे एडभेन्टिस्ट, मोर्डनीस्ट । मत्ती १८:१०,११, मत्ती १८, १-६, मर्कुस १०,१५ ।

## २१. बेदीको संस्कार वा प्रभु-भोज

**हामी विश्वास गर्छौं** क) बेदीको संस्कार चाहिँ रोटी र दाखरसमा हाम्रा प्रभु येशू खीष्टको साँचो शरीर र रगतमा हामी खीष्टियानहरुको लागि खान र पिउनको लागि हो, जुन चाहिँ खीष्ट आफैँले स्थापित गर्नुभयो । ख) संस्कारको खाने र पिउने काम यी वचनहरुले देखाउँछन् : “पापको प्रायश्चितको लागि तिमीहरुको निम्ति दिइएको र बहाइएको छ” अर्थात् , संस्कारमा यी वचनहरुबाट पाप क्षमा, जीवन र मुक्ति हामीलाई दिइन्छ किनभने जहाँ पापको क्षमा छ त्यहाँ जीवन र मुक्ति पनि छ, ग) यो शारिरीक खुवाई होइन जसले यी आशिषहरु प्रदान गर्दछ, तर यसमा लेखिएको वचनलेः “पाप प्रायश्चितको निम्ति तिमीहरुका निम्ति दिइएको र बहाइएको छ”, जुन वचनहरुमा शारीरिक खुवाइ र पियाइ बाहेक, संस्कारमा मुख्य कुराहरु हुन्, र जसले यो वचन विश्वास गर्दछ उसँग तिनीहरुले उनीहरुले भनेका र व्यक्त गरेका कुराहरु हुन्छ, अर्थात् पापको क्षमा घ) उपवास र शारिरीक रुपमा तयारी हुनु चाहिँ साँच्चै राम्रो वाहिरी तालिम हो, तर ऊ साँच्चै योग्य र ठीक सँग तयार हुन्छ जसले यो वचनमा विश्वास गर्दछः

“पाप र प्रायश्चितको लागि तिमीहरुको निम्ति दिइएको र बहाइएको”, तर जसले यो वचनमा विश्वास गर्दैन वा शंका गर्छ, त्यो चाहिँ अयोग्य र तयार भएका हुँदैन, यी शब्दहरु “तिमीहरुको निम्ति” सबै हृदयले विश्वास गर्नु आवश्यक छ ।

क) लुका २२:१९,२० अनि उहाँले रोटी लिनुभयो र धन्यवाद चढाउनुभएपछि त्यो भाँच्नुभयो र तिनीहरुलाई यसो भन्दै दिनुभयो, “तिमीहरुका निम्ति दिइएको यो मेरो शरीर हो । मेरो सम्झनामा यो गर्ने गर ।

मत्ती२६:२६-२८ तिनीहरुले भोज खाइरहेका बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, “लेओ, खाओ, यो मेरो शरीर हो ।” तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, “तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ ।

गलाती३:१५ भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन नता त्यसमा केहि थप्न सक्छ ।

ख)मत्ती ११:२८ हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु ।

१कोरिन्थी११:२८,२९ हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ र पिउँछ, त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ ।

ग) मर्कुस ९:२४ तब झट्टै केटाका बाबुले कराएर भने, “म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस् ।

घ) भजनसंग्रह २२:२६ गरीबहरु खाएर तृप्त हुनेछन्, परमप्रभुको खोजी गर्नेहरुले उहाँको प्रशंसा गर्नेछन् । तिमीहरुका हृदय सदा जीवित रहून् !

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँः**

१. ख्रीष्टले पवित्र प्रभु भोज सबै समयको लागि स्थापित गर्नुभएन, र यसकारण पवित्र प्रभु-भोज गर्न वा नगर्न सकिन्छ । क्वेकर्स, सेकर्स, साल्भेसन आर्मी, मर्कुस१४:२४, १कोरिन्थी ११:२४,२५, गलाती ३:१५,

२. स्थापना शब्दको शाब्दिक अर्थ लिनुहुँदैन, तर लाक्षणिक अर्थमा मात्र लिनुपर्छ: क्याल्भिनिस्टिक चर्च, कंग्रीगेसनल ख्रीष्टियान, ब्याप्टिस्ट, मेथोडिस्ट, अर्मेनियन्स, प्रेस्बिटरियन, मेनोनाइट, यूनिटरियन्स, इभान्जलिकल कंग्रीगेसनल चर्च, मोराभियन्स । गलाती३:१५, १कोरिन्थी १०:१६, १कोरिन्थी ११:२६-२८ ।

३. रोटी साधारण मानिसहरुलाई मात्र दिनुपर्छ: रोमन क्याथोलिक चर्च । मर्कुस १४:२३, गलाती३:१५

***नोट:*** हालमा केहि आफ्नै मण्डली भएको इलाकामा साधारण मानिसहरुलाई दाखमद्य दिइन्थ्यो जुन सबै ठाउँमा सुरु भइसकेको हुनसक्छ ।

४. ख्रीष्टले दिनुभएका बाहेक अरु तत्वहरु पनि प्रभु-भोजमा प्रयोग गर्न सकिन्छ: मर्मन मत्ती २६:२६-२९, लुका २२:१८, गलाती ३:१५

५. रोटी ख्रीष्टको शरिरको चिन्हको रुपमा भाँच्नुपर्छ ताकि प्रभुको शरिर क्रुसमा तोडिएको संकेत गर्न सकोस । क्याल्भिनिस्टिक चर्च, प्रेस्बिटरियस, कंग्रीगेसनल ख्रीष्टियान, ब्याप्टिस्ट, अर्मेनियन्स, क्याम्पबेलाइट्स, यूनिटरियन्स, क्वेकर्स, (ख्रीष्टको हाडहरु क्रुसमा भाँचिएका थिएनन् ।) यूहन्ना १९:३३ ।

६. ख्रीष्टको शरिर र रगत चाहिँ पवित्र प्रभु भोजमा उपस्थित हुँदैन, र विश्वासीहरुलाई रोटी र दाखरसमा यो दिइँदैन : क्याल्भिनिस्टिक चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन्स, कंग्रीगेसनल ख्रीष्टियान, ब्याप्टिस्ट, अर्मेनियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, यूनिटरियन्स, मेनोनाइट्स, सेभेन्थ डे एडभेन्टिस्ट, यूनिभर्सलिस्ट, क्याम्पबेलाइट्स, मर्मन, मत्ती २६:२६-२८, १कोरिन्थी १०:१६, भजनसंग्रह ३३:४, लुका १:३७ ।

७. ख्रीष्टको शरिर र रगत विश्वासद्धारा आत्मिक रुपमा पाइन्छ, वास्तविकतामा होइन: क्याल्भिनिस्टिक चर्च, इभान्जलिकल कंग्रीगेसनल चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन, कंग्रीगेसनल ख्रीष्टियान, ब्याप्टिस्ट, अर्मेनियन्स, मोराभियन्स, मेथोडिस्ट, साल्भेसन आर्मी, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, आदी १कोरिन्थी१०:१६, १कोरिन्थी ११:२७, मत्ती२६:२६-२८ ।

८. रोटी र दाखरस ख्रीष्टको शरिर र रगतमा परिवर्तन हुन्छ: रोमन क्याथोलिक चर्च, १कोरिन्थी १०:१६ ।

९. अर्पण गरिएको चीजलाई ख्रीष्टको साँचो शरिरको रुपमा ख्रीष्ट उहाँलाई जस्तै आराधना गर्नुपर्छ । रोमन क्याथोलिक चर्च मत्ती २६:२६-२७ ।

१०. पवित्र प्रभु भोजले पापको क्षमा प्रदान, हस्तान्तरण तथा सुनिश्चित गर्न सक्दैन किनकि यो ख्रीष्टको मृत्युको सम्झनामा गरिन्छ: क्याल्भिनिस्टिक चर्च, कंग्रीगेसनल ख्रीष्टियान, प्रेस्बिटरियन, ब्याप्टिस्ट, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसलन चर्च, मेनोनाइट्स, फ्रि विल ब्याप्टिस्ट, क्याम्पबेलाइट्स, मर्मन, स्वीडेनवर्जीयन्स,

यूनिटरियन्स, यूनिभर्सलिस्ट, लुका २२:१९,२०, मत्ती २६:२६-२८ ।

११. अयोग्य रितीले प्रभु-भोज खाने व्यक्तिले खीष्टको साँचो शरिर र रगत पाउँदैनः सामान्यतया क्याल्भिनिस्टिक चर्चहरु, इपिस्कोपलियन्स, कंग्रीगेसनल खीष्टियान, ब्याप्टिस्ट, मेथोडिस्ट, इभान्जलिकल कंग्रीगेसनल, १कोरिन्थी११:२७-२९

१२. पवित्र प्रभु-भोज बालबालिकाहरुलाई पनि दिन सकिन्छः रोमन क्याथोलिक र इस्टर्न अर्थोडक्स चर्च । १कोरिन्थी ११:२८,२९ ।

१३. पवित्र प्रभु-भोजमा पुजाहारीले जीवित र मृतकहरुको पापको लागि रगतको प्रयोगविना खीष्टको शरिरको बलिदान गर्नुपर्छ । रोमन क्याथोलिक र इस्टर्न अर्थोडक्स चर्च, (पवित्र प्रभु भोजमा खीष्टको शरिरको रगतबिनाको बलिदान प्रभु-भोजको ईश्वरनिन्दा हो । )मत्ती २६:२६,२७, १कोरिन्थी११:२६, हिब्रु१०:१८, हिब्रु ९:२२, १पत्रुस३:१८ ।

## २२. मण्डलीको बारेमा

**हामी विश्वास गर्छौं** क) पृथ्वीमा एउटा पवित्र खीष्टियान चर्च छ, जुन चाहिँ खीष्टले उहाँको वचनबाट जम्मा, संरक्षण र शासन गर्नुहुन्छ । ख) खीष्टियान चर्चका सदस्यहरु तिनीहरु मात्र हुन जसले खीष्टलाई तिनीहरुको साँचो मुक्तिदाताको रुपमा स्वीकार गर्दछन् । ग) यो पवित्र खीष्टियान चर्च, जुन सबै विश्वासीहरुको अदृश्य समुह हो, त्यो त्यस्ता देखिने चर्च समूहमा हुन्छन् जसले खीष्टियान सिद्धान्त सिकाउँदछन् र संस्कारहरु संचालन गर्दछन् । घ) परमेश्वरको कृपाद्धारा भएता पनि विश्वासीहरु विभिन्न मत भिन्नताहरु भएका मण्डलीहरुमा भेटिन्छन्, अझै यस्ता मण्डलीहरु परमेश्वरको इच्छाद्धारा अस्तित्वमा छैनन्, तर साँचो रुपमा निषेधित छन् किनकि परमेश्वरले चाहनुहुन्छ कि उहाँको वचन मानविय थपघट विना प्रचार र विश्वास गरिनुपर्छ । ङ) यो चाहिँ त्यसकारण, परमेश्वरको इच्छा हो कि खीष्टियानहरु अर्थोडक्स चर्चहरुमा मात्रै मिलुन् र ती खीष्टियानहरु जोहरु विभिन्न सम्प्रदायका मण्डलीहरुमा भड्किने गर्छन् तिनीहरुले त्यो छोडेर अर्थोडक्स चर्चको संगति खोज्नुपर्छ, च) हरेक प्रकारका संघवादी, वा झुटा शिक्षकहरुसँगको मण्डली संगति चाहिँ खीष्टको स्पष्ट आज्ञाको उलङ्घन हो, परमेश्वरको वचनको सम्पूर्ण गुमाइको खतरा र मण्डलीको विभाजनको वास्तविक कारण हो । छ) सबै खीष्टियानहरु चाहिँ सबै आत्मिक अधिकार र सुबिधाका मौलिक मालिकहरु हुन् जससँग खीष्टले उहाँको मण्डलीलाई दान दिनुभएको छ, आत्मिक शक्तिहरु ठीकसँग र मौलिकरुपमा सबै विश्वासीहरुका हरेक क्षेत्रहरुमा हुन्छन्, र एउटा व्यक्तिको मात्र हुँदैन, जस्तै कि पोपहरु, विशपहरु, सेवकहरु, लौकिक राजकुमारहरु वा मण्डली परिषद । ज) हरेक खीष्टियानमा सिद्धान्तका विषयहरुमा न्याय र निर्णय गर्ने अधिकार र कर्तव्य हुन्छ । झ) मण्डलीमा सार्वजनिक कार्यहरुको प्रशासन मौलिक मालिकहरुद्धारा अधिकार दिइएको व्यक्तिद्धारा हुन्छ र रेखदेखमा

हुनुपर्दछ ।

क) एफिसी२:१९,२२, यसरी अब तिमीहरु विदेशी र प्रवासी होइनौ, तर सन्तहरुसँग तिमीहरु सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौ ।

रोमी१५:५ स्थिरता र उत्साहका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशूसँग एक भएर एउटा अर्कासँग एक चित्तका भई जीउन दिऊन्

१कोरिन्थी१२:२७ तिमीहरु ख्रीष्टका शरीर हौ र हरेक त्यसका अङ्गहरु हौ ।

ख) मत्ती१६:१८ सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र ।"

यूहन्ना ११:५१,५२ यो तिनले आफ्नै तर्फबाट भनेका होइनन्, तर त्यस बर्षका प्रधान पुजाहारी भएका हुनाले जातिहरुको निम्ति येशू मर्नूपर्छ भन्ने अगमवाणी बोलेका हुन् । राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो ।

प्रेरित १६:३१ अनि तिनीहरुले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ - तपाईं र तपाईंका परिवारले ।"
ग) मत्ती २८:१९, २० यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ । मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरुका साथमा छु ।"

मर्कुस १६:१५,१६ अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सार सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।

१पत्रुस४:११ यदी कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् । यदी कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्धारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्धारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् । आमिन् ।

घ) मत्ती ७:१५ झुटा अगमवक्ताहरु देखि होसियार बस, जो तिमीहरुकहाँ भेडाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वासाहरुजस्ता हुन्छन् ।

२यूहन्ना १०,११ यदी कोहि तिमीकहाँ आएर यो सिद्धान्त ल्याएन भने त्यसलाई घरमा स्वागत नगर्नू । त्यसलाई अभिवादन पनि नगर्नू । किनकि त्यसलाई अभिवादन गर्ने त त्यसका दुष्ट कामहरुमा सहभागी हुन्छ ।

१यूहन्ना ४:१ प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरु परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झुटा अगमवक्ताहरु यस संसारमा निस्किआएका छन् ।
हेर्नुहोस् भजनसंग्रह २६:५,६, मत्ती१०:३२,३३, गलाती ५:९ ।

ङ)गलाती ५:९ थोरै खमीरले जम्मै ढिकालाई खमीरा बनाउँछ । (सानो झूटो सिद्धान्तले ठूलो हानी निम्त्याउँछ )

२तिमोथी२:१७ तिनीहरुको बातचीत सइनको घाउ जस्तै गाडिँदैजानेछ । (झूटो सिद्धान्तहरुले अरुहरुमा परिणाम दिन्छ र यसरी झन् बढी हानी गर्दछ )

रोमी१६:१७,१८ भाइ हो म तिमीहरुलाई आग्रहपूर्वक विन्ति गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-बिघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले खीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठो-मीठो बोली र कुराले सिधासाधाहरुका हृदयलाई धोखा दिन्छन् ।
हेर्नुहोस् १कोरिन्थी१०:२१
च) १राजा१८:२१ एलियाले मानिसहरुका अगि आएर भने, “तिमीहरु कहिलेसम्म दोधारमा बसिरहन्छौ ? यदी परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ । तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ ।”

एफिसी ४:३-५ शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर । शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ - एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा ।
२कोरिन्थी ६:१४-१८ अविश्वासीहरुसँग एउटै जुवामा ननारिओ । किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता ? खीष्टको बेलिआलसँग के

सरोकार ? वा विश्वास गर्नेको विश्वास नगर्नेसित के समानता ? मूर्तिहरुसँग परमेश्वरको मन्दिरको के सम्झौता ? किनभने हामी जीवित परमेश्वरका मन्दिर हौँ, जसरी परमेश्वरले भन्नुभएको छ, “म तिमीहरुमा बास गर्नेछु र तिनीहरुका बीचमा हिँडडुल गर्नेछु, र म तिनीहरुका परमेश्वर हुनेछु, अनि तिनीहरु मेरा प्रजा हुनेछन् । यसकारण तिनीहरुका बीचबाट निस्केर आओ, र तिनीहरुबाट तिमीहरु अलग होओ, परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु । म तिमीहरुका पिता हुनेछु, र तिमीहरु मेरा छोराछोरीहरु हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।” हेर्नुहोस् २यूहन्ना १०:११

छ) १कोरिन्थी ३:२१ यसैकारण कसैले मानिसहरुमाथि गर्व नगरोस् । किनकि सबै थोक तिमीहरुकै हुन् ।
मत्ती १६:१५-२० उहाँले तिनीहरुलाई सोध्नुभयो, “तिमीहरु के भन्छौ, म को हुँ ?” सिमोन पत्रुसले जवाफ दिए, “तपाई खीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र ।” येशूले तिनलाई भन्नुभयो, “योनाको छोरो सिमोन, तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो । म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ । म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन् । म तिमीलाई स्वर्गका राज्यका साँचाहरु दिनेछु । जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ ।”

मत्ती १८:१७-१९ यदी त्यसले तिनीहरुका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन । त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस् । “साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ । अनि तिमीहरुले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ । फेरी म तिमीहरुलाई भन्दछु, पृथ्वीमा तिमीहरुमध्ये दुई जना कुनै कुरामा सहमत भई केहि माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्धारा तिमीहरुका निम्ति हुनेछ, किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरुका माझमा हुनेछु ।” -हेर्नुहोस् यूहन्ना२०:२२,२३, मत्ती २८:१९,२०

ज) १कोरिन्थी १०:१५ समझदार मानिसहरुलाई जस्तै गरी म भन्दैछु, मैले भनेका कुरा तिमीहरु आफै विचार गर ।

१पत्रुस ४:११ यदी कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै बोलोस् । यदी कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्धारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू खीष्टद्धारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् ।

रोमी १६:१७, १८ भाइ हो म तिमीहरुलाई आग्रहपूर्वक विन्ति गर्दछु, कि तिमीहरुलाई सिकाइएको

धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-बिघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले खीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठो-मीठो बोली र कुराले सिधासाधाहरुका हृदयलाई धोखा दिन्छन् ।

झ) कलस्सी ४:१७ "तिमीले प्रभुबाट पाएका सेवाको काम पूरा गर" भनी अर्खिप्पसलाई भनिदेओ ।

मत्ती १८:१७-२० यदी त्यसले तिनीहरुका कुरा पनि सुन्न इन्कार गर्‍यो भने, मण्डलीलाई भन । त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस् । "साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ । अनि तिमीहरुले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ । फेरी म तिमीहरुलाई भन्दछु, पृथ्वीमा तिमीहरुमध्ये दुई जना कुनै कुरामा सहमत भई केहि माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्धारा तिमीहरुका निम्ति हुनेछ, किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरुका माझमा हुनेछु ।"

१यूहन्ना ४:१ प्रिय हो जुनसुकै आत्मालाई  विश्वास नगर, तर आत्माहरु परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झूटा अगमवक्ताहरु यस संसारमा निस्किआएका छन् ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. मण्डली, जसको बाहिर मुक्ति हुँदैन, त्यो चाहिँ सबैको लागि देखिने संगति हो, सही वा गलत, जसले पोपको अधिकार स्वीकार गर्छ: रोमन क्याथोलिक चर्च: २थेसलोनिकी, २:८-१०, रोमी १२:५, १कोरिन्थी १२:२७, हिब्रु ३:६, एफिसी २:१९-२२, १पत्रुस२:५, (मत्ती२३:८) ।

२. मण्डली यी सबै जनाको संगतिको हो जोहरुलाई भित्री ज्योतिद्धारा उज्यालो पारिन्छ, यसको कुनै अर्थ छैन चाहे तिनीहरु खीष्टियान, तूर्की, यहूदी, वा अरु धर्म मान्ने मानिसहरु हुन् । क्वेकर्स, भजनसंग्रह १४७:२०, प्रेरित५:१२, यूहन्ना १४:६, १कोरिन्थी१२:३ ।

३. येशू खीष्ट अन्तिम दिनको एउटै मण्डली चाहिँ मर्मनको मण्डली हो र यस मण्डलीमा नभएका सबै जना अन्यजातिहरु हुन्: मर्मन प्रकाश २:९, (गलाती ६:१६) ।

४. मण्डली कहिल्यै पनि श्रेणी विना र प्रेरितीय उत्तराधिकारी विना हुँदैन : रोमन क्याथोलिक चर्च, इपिस्कोपल चर्च, इस्टर्न अर्थोडक्स चर्च, क्याथोलिक एपोस्टलिक चर्च, (प्रेरितीय उत्तराधिकारीको वारेमा धर्मशास्त्रले केहि पनि बताउँदैन ।) २तिमोथी २:१९, १कोरिन्थी १०:१७, १पत्रुस२:५, (मत्ती२३:८) ।

५. वचन र संस्कार मात्रै साँचो मण्डलीका चिन्हहरु होइनन्: क्याल्भिनिस्टिक चर्च, मेनोनाइट्स, मेथोडिस्ट, अर्मेनियन्स, मत्ती २८:१९,२०, १कोरिन्थी१०:१७, मर्कुस १६:१५,१६, (यशैया ५५:१०-११) ।

६. त्यहाँ कोही पाखण्डी र धोखाबाज देखिने मण्डलीमा हुँदैनन् । मेनोनाइट्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन । मत्ती २५:१,२, मत्ती१३:२४-२६, मत्ती १३:१७,४८, मत्ती २२:१०-१४, प्रेरित २०:२९,३० ।

७. मण्डलीमा (रोमन क्याथोलिक चर्चमा) गल्ती हुँदैन : रोमन क्याथोलिक चर्च, (रोमन क्याथोलिक चर्चले गल्ती गर्‍यो, खीष्ट र उहाँका वचनहरु मात्र गल्तीरहित छन् )२तिमोथी २:१९, यूहन्ना ८:३१,३२ ।

८) साँचो खीष्टियान चर्च नाश भएको छ: सेकर्स, भजनसंग्रह ४६:५,६, मत्ती २८:१९,२०, ( मत्ती १६:१८, मत्ती २४:१४, हेर्नुहोस् लुका २१:२४)

९. आत्माको आश्चर्यकर्मका बरदानहरु अन्तिम समयका चर्चहरुलाई फिर्ता गरिनेछ: इर्भिङ्गजाइटिस्, मर्मन, सेभेन्थ डे एडभेन्टिस्ट, खीष्टियान क्याथोलिक चर्च (Dowieites) । व्यवस्था १३:१-३, मत्ती २४:२४, त्यस्तै दृष्टिकोणबाट होलिनेस चर्चहरुले हेर्दछन् , ( पेन्टिकोस्टल र क्यारिस्म्याटिक अभियान) (२कोरिन्थी २:१२) ।

१०. धेरै सम्प्रदायका खीष्टियानहरुले सिद्धान्तको भिन्नतामा पनि संगति गर्न सक्छन्, तापनि सिद्धान्तको शुद्धता प्राप्त गर्न सकिँदैन । क्याल्भिनिस्टिक चर्च, ब्याप्टिस्ट, मेथोडिस्ट, प्रेस्बिटरियन, कंग्रीगेसनल खीष्टियान, अर्मेनियन्स, मोराभियन, इभान्जलिकल कंग्रीगेसनल, क्याम्पबेलाइट्स, यूनिटरियन्स, खीष्टियान क्याथोलिक चर्च (Dowieites) । एफिसी ४:३-५, गलाती ५:९, रोमी १६:१७,१८, तीतस ३:१०,११, (यर्मिया २३:३१, प्रकाश १८:४) ।

## २३. सेवकाईको बारेमा

**हामी विश्वास गर्छौं** क) सेवकाईको कार्य ईश्वरीय आध्यादेश हो, त्यसको अर्थ, कुनै निश्चित ठाउँमा रहेका खीष्टियानहरुले परमेश्वरको वचन प्रचार गर्न ईश्वरीय उपदेशबाट आदेश पाएका हुन्छन्, तिनीहरुको आफ्नो परिवार भित्रको वृतमा मात्र होइन, सार्वजनिक रुपमा यस्तो कामको लागि योग्य व्यक्तिहरुद्धारा, र संस्कारहरु खीष्टले स्थापना गर्नुभए अनुसार संचालन गरेको हुनुपर्छ (तीतस, १) ख) तर सेवकाईको कार्यमा वचनको शक्तिबाहेक अरु कुनै शक्ति हुँदैन, यो चाहिँ, सेवकाइको कार्यको लागि निःसर्त आज्ञाकारीता खीष्टियानहरुको कर्तव्य हो, जहाँसुकै र जहिलेसुकै सेवकाईले तिनीहरुलाई परमेश्वरको वचन घोषणा गर्दछ । अर्को तर्फ, यदी उसको सेवक उसको शिक्षामा परमेश्वरको वचन बाहिर गयो भने, खीष्टियानहरुले मान्नुहुँदैन, ताकि तिनीहरु खीष्टमा विश्वासयोग्य हुन सकून् ।

क) प्रेरित १४:२३ जब तिनीहरुले उनीहरुको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवास सहित उनीहरु आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरुलाई सुम्पिदिए । २तिमोथी २:२ धेरै जना साक्षीहरुका उपस्थितीमा तिमीले मबाट जे सुनेका छौ, ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ ।
एफिसी ४:११ अनि उहाँका बरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून् । --हेर्नुहोस् प्रेरित २०:२८, १कोरिन्थी ४:१

ख) १पत्रुस ४:११ यदी कसैले बोल्दछ भने, परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् । यदी कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्धारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू खीष्टद्धारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् । आमिन् ।

तीतस १:१४ र  सत्यतालाई इन्कार गर्ने मानिसहरुका आज्ञा र यहूदी दन्त्यकथामा ध्यान नलगाऊन् ।
हिब्रु १३:१७ तिमीहरुका अगुवाहरुको आज्ञापालन गर, र तिनीहरुका अधीनमा बस । किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरुले आनन्द-साथ गरुन् दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरुलाई कुनै लाभ हुँदैन । हेर्नुहोस् लुका १०:१६, मत्ती२३:८, मत्ती १८:१७-२०, यूहन्ना २०:२२,२३ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँः**

१. परमेश्वरले सेवकाईको कार्य स्थापना गर्नुभएनः क्वेकर्स, एफिसी ४:११, प्रेरित २०:२८, १कोरिन्थी४:१, (तीतस१:५) ।
२. खीष्टले मण्डलीको रुपमा सेवकाईका कार्य दिनुभएको छैन, तर उहाँका चेलाहरुलाई मात्रै, तिनीहरुले उत्तराधिकारीहरुलाई यो जिम्मा दिएः- विशपलाई : रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इपिस्कोपलियन्स, आदी मत्ती १८:१७-२०, मत्ती १६:१५,१९, यूहन्ना २०:२२,२३, मत्ती २८:१९,२०, (१पत्रुस २:५,९) ।
३. सेवकाईको कार्य सम्पूर्ण मण्डलीको होइन, तर मण्डलीका केहि निश्चित ब्यक्तिहरुको लागि मात्रै होः क्याल्भिनिस्टिक चर्च, प्रेस्बिटरियन, मेथोडिस्ट, इभान्जेलिकल यूनाइटेड ब्रेदरेन, इभान्जेलिकल कंग्रीगेसनल, इर्भिङ्गजाइटिस् । १कोरिन्थी ३:२१-२३, २कोरिन्थी ४:५, भजनसंग्रह ६८:११, १कोरिन्थी ४:१, १पत्रुस २:९, १पत्रुस ५:२०, ३
४. जो कोहिले पनि ठीकसँग बोलावट नभइकन मण्डलीमा सिकाउन सक्छ । क्वेकर्स,

यूनिटरियन्स, स्पिरिटिस्ट, केहि क्यल्भिनिस्टिक चर्चहरु, मेथोडिस्ट, आदी । याकूब ३:१, यर्मिया २३:२१, रोमी १०:१५, १कोरिन्थी१२:२९, हिब्रु५:४ ।

५. परमेश्वरले अहिलेपनि उहाँका सेवकहरुलाई तुरुन्त बोलाउनुहुन्छ, त्यो चाहिँ उहाँको मण्डलीको सहायता विना गर्नुहुन्छ : इर्भिङ्गजाइटिस, क्वेकर्स, मेथोडिस्ट, आदी । १तिमोथी ३:२, २तिमोथी २:२, तितस १:५, आदी ।

६. सेवकहरुको वोलावट त्यस्तो विशेषाधिकार हो जुन चाहिँ सम्पूर्ण मण्डलीलाई दिइँदैन, तर मण्डलीका ती आत्मिक मूख्य व्यक्तिहरुलाई मात्रै, जस्तै विशप, एल्डरहरु, आदीः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल चर्च, मोराभियन्स, आदी मत्ती १८:१७-२०, यूहन्ना २०:२२,२३, १कोरिन्थी ३:२१-२३, २कोरिन्थी४:५, १पत्रुस २:९, १पत्रुस ५:२,३ ।

७. पुजारीको अभिषेक खीष्टले पवित्र आत्मा दिन, अनुग्रह प्रदान गर्न र अमिट स्वभाव छाप्नको लागि स्थापना गर्नुभएको संस्कार होः रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च । (अभिषेक ईश्वरीय स्थापना होइन, तर प्रेरितिय र मण्डलीय रीति हो जसद्धारा वोलावट सार्वजनिक रुपमा निश्चित हुन्छ । यस्तै खालका सिद्धान्तहरु इर्भिङ्गजाइटिस र मर्मनहरुसँग पनि छन् ।)

८. मण्डलीका ती सेवकहरुमात्र साँचो सेवकहरु हुन् जसले विशपबाट अभिषेक पाएका छन् (रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इपिस्कोपलियन्स), अगमवक्ताहरुबाट अभिषेक पाएका छन् (इर्भिङ्गजाइटिस), एल्डरहरुबाट अभिषेक पाएका छन् (मर्मन) । मत्ती १८:१७-२०, प्रेरित १:१५-२६, प्रेरित ६:१-६ ।

९. स्त्रीहरुले पनि सार्वजनिक रुपमा मण्डलीका सेवकहरुले जस्तै गरी सिकाउन र प्रचार गर्न सक्छन् । क्वेकर्स, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, साल्भेसन आर्मी, क्याल्भिनिस्टिक चर्चहरु । १कोरिन्थी १४:३४, १तिमोथी २:११,१२ ।

१०. पास्टरहरुका विभिन्न पदहरु र कार्यहरु मानवबाट होइन तर ईश्वरीय उत्पत्ति होः रोमन क्याथोलिक चर्च, अर्थोडक्स चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन्स, इर्भिङ्गजाइटिस, १पत्रुस ५:१, १कोरिन्थी३:५, यूहन्ना १३:१३,१४, मत्ती २३:८-१० । (सुसमाचारको सेवकाई मण्डलीको सर्वोच्च कार्य हो, जसबाट अरु सबै कार्यहरु उत्पन्न हुन्छन्, र खीष्टले पद र कार्यहरुमा भिन्नताहरु निर्धारण गर्नुभएको छैन, किनभने उहाँमात्रै एक मालिक हुनुहुन्छ, र मण्डलीका अरु सबै कार्यहरु दाजुभाइहरु हुन् । मत्ती २३:८-१०) ।

११. सबै विश्वासीहरु होइन तर वचनका अभिषेक पाएका सेवकहरु शब्दका सही अर्थमा पुजाहारीहरु हुन्: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इर्भिङ्गजाइटिस, मर्मन, १पत्रुस २:९, प्रकाश १:५:६, प्रकाश ५:१०, १कोरिन्थी ३:५, (बाइबलको स्पष्ट शिक्षाहरुका

अनुसार, सबै खीष्टियानहरु परमेश्वरको अगाडी पुजाहारीहरु हुन्, यसकारण सेवकहरुले पुरानो करारको लेबी अर्थको बिशेष पुजाहारीगिरी गठन गर्नुपर्दैन । ) हिब्रु ७:१७, १८, १तिमोथी २:५, हिब्रु ४:१६ ।

१२. पुजाहारीहरुले मात्रै पापहरु क्षमा गर्न सक्छन्: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, १पत्रुस २:९, मत्ती १८:१७-२०, यूहन्ना २०:२२,२३, (जब वचनबाट अभिषेक पाएका सेवकहरुले पाप क्षमा गर्छन्, तिनीहरुले परमेश्वरको नाउँमा क्षमादानको सारा खीष्टियान मण्डलीको स्थानमा उच्चारण गर्छन् जसलाई खीष्टले कार्यहरुका साँचाहरु दिनुभएको छ, यसकारण तिनीहरुको क्षमादान चाहिँ "मान्य र निश्चित हुन्छ, स्वर्गमा पनि , जसै यदी खीष्टले, हाम्रो प्रिय प्रभु, आफैँले हामीसँग व्यवहार गर्नुहुन्छ ।")

१३. वचनको सेवकहरुले वास्तविक र साँचो रुपमा पापको क्षमा गर्न सक्दैनन्, तर क्षमादानको घोषणा मात्रै गर्नसक्छन्: क्याल्भिनिस्टिक चर्चहरु, इपिस्कोपलियन्स, इर्भिङ्गजाइटिस, यूनिटरियन्स, फ्रि प्रोटेस्टेन्ट, आदी । मर्कुस २:७-१०, मत्ती ९:८, यूहन्ना २०:२२,२३, १कोरिन्थी ३:२१-२३, २कोरिन्थी ४:५ ।

१४. परमेश्वरद्धारा गोप्य पाप स्वीकार (पुजाहारीको अगाडी) को आज्ञा गर्नुभएको छ र यो पश्चात्तापको एउटा संस्कार हो: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, यूहन्ना २०:२२,२३, मत्ती ९:२, २शमूयल १२:१३ । (गोप्य स्वीकार परमेश्वरद्धारा आज्ञा गरिएको छैन, तर यो उत्कृष्ट स्वयंले गर्ने अभ्यास हो )

१५. गोप्य स्वीकार (वचनको सेवकको अगाडी) अस्विकार गर्नुपर्छ किनकि यो रोमन क्याथोलिकको जस्तो छ: क्याल्भिनिस्टिक चर्च, २शमूयल १२:१३, याकूब५:१६ ।

१६. व्यक्तिगत स्वीकारमा सबै पापहरु एक एक गर्दै बताउनु आवश्यक छ जसको कारणले पुजाहारीले न्यायधीशले जस्तै प्रायश्चितको निधो गर्न सकून जसको कारणले पापीहरुले सन्तुष्टि प्राप्त गर्न सकून्: रोमन क्याथोलिक चर्च, भजनसंग्रह १९:१२, मत्ती ६:१२, प्रकाश१:५,६, १तिमोथी २:५, (वोलावट पाएका र अभिषेक गरिएका सेवकहरुसँग वचनबाट सिकाउने र संस्कारहरु सञ्चालन गर्ने बाहेक अरु कुनै काम हुँदैन । ऊ प्रायश्चितको निधो गर्ने न्यायधीश होइन जसबाट पापीहरुले तिनीहरुको पापबाट सन्तुष्टि प्राप्त गर्न सकून । पापीहरु तिनीहरुको कामले बचाइन सक्दैनन्, तर खीष्टमा विश्वासद्धारा अनुग्रहबाट मात्रै धर्मी ठहरिएका हुन् ।)

१७. बहिस्कारको शक्ति सबै समुदायसँग हुँदैन, तर मण्डलीका आत्मिक प्रमुख व्यक्तिसँग मात्रै हुन्छ: रोमन क्याथोलिक चर्च, इस्टर्न अर्थोडक्स चर्च, इपिस्कोपलियन्स, प्रेस्बिटरियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल, आदी ।
मत्ती १८:१५-२०, १तिमोथी५:२०, १कोरिन्थी५:११-१३, २कोरिन्थी२:६-८ ।

१८. पास्टर एउटा जागीरे हो, उसलाई राख्न र हटाउन सकिन्छ । तीतस २:१५, हिब्रु १३:७,१७)

***नोटः*** सेवकाइसँग सम्बन्धित धर्मशास्त्रीय सिद्धान्त चाहिँ क्याथोलिक र क्याल्भिनिस्टिक चर्चहरुले इन्कार गरेका छन् ।

## २४. ख्रीष्ट विरोधीको बारेमा

**हामी विश्वास गर्छौं** क) ठूलो ख्रीष्टविरोधी रोमन पोपको शासनमा देखा परेको छ, किनभने घृणा जुन धर्मशास्त्रमा भविष्यवाणी गरिएको थियो विशेषगरी २थेसलोनिकी२, ख्रीष्टविरोधीको सम्बन्धमा, पोपको र उनका सदस्यहरुको पदमा सहमत हुन्छ, किनभने हामीले पोपलाई हेर्दछौं, पृथ्वीमा ख्रीष्टको नाम र अचूक उप-शासकको दर्जामा रहेका छन्, लगातार रुपमा वचन र ख्रीष्टको योग्यताबाट टाढा लैजाने, र त्यसको सट्टामा तिनीहरुलाई आफ्नै कुराहरुमा लोभ्याउने र मानविय कामहरुबाट धार्मिकता प्राप्त गर्न र तिनीहरुलाई अनन्त दण्डमा अगुवाई गर्ने, र हामी देख्छौं कि उसले यो सबै मण्डलीका बाहिरी समारोहहरु र महा-पवित्रताको प्रकारले लोभ्याउने गर्दछ, र सबै आकर्षक तरिकाले शक्ति, चिन्ह र झुटो चमत्कार गर्दछ । ख) त्यसकारण, हामी रोमन क्याथोलिकमा थाहा पाउन सक्छौं कि ख्रीष्टियान मण्डलीको ठूलो शत्रु चाहिँ २थेसलोनिकी२ मा भविष्यवाणी गरिएको छ, र हामी त्यो गल्तीलाई समात्छौं र रोमन क्याथोलिकको लोभ्याउने शक्तिको विरुद्धमा ठीकसँग आत्माहरुलाई होसियार बनाउँछौं जसले महा-ख्रीष्टविरोधीको वा त्यसको पूर्ण प्रकटीकरण, भविष्यको घटनाको आशा गर्दछ ।

क र ख) २थेसलोनिकी २ कसैले कुनै किसिमले तिमीहरुलाई धोखा नदिओस् । किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात् सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन । त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरुको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ । ...किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ । अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ । तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ । शैतानको कामकाज बमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरु र चमत्कारसहित, र नाश हुनेहरुलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरुले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे । यसैकारण तिनीहरुले झूटा कुरामा विश्वास गरुन् भनेर परमेश्वरले तिनीहरुमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबैजना दोषी ठहरिऊन् । १तिमोथी ४:२,३ झूट बोल्ने मानिसहरुका छलद्धारा नै यो हुनेछ, जुनहरुका विवेक तातो

फलामले डामेको जस्तो हुन्छ। तिनीहरु विवाह निषेध गर्छन्। विश्वास गर्नेहरु र सत्य जान्नेहरुले धन्यवादसाथ ग्रहण गर्नुपर्ने परमेश्वरले सृजनुभएका भोजनहरुबाट अलग्ग बस्ने आदेश दिन्छन्।

२पत्रुस २:१९-२१ तिनीहरुलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरु आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। तर यदी तिनीहरुले हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरी पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरुको पछिल्लो अवस्था अगाडीको भन्दा अझ खराब हुन्छ। किनभने तिनीहरुलाई दिइएको पवित्र आज्ञा जानीकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरुलाई धार्मिकताको मार्ग कहिल्यै थाहा नभएको भए असल हुनेथियो। --हेर्नुहोस् दानियल ११, प्रकाश १७:९,१८, प्रकाश १३:१३, यहूदा ८।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौँ:**

१. पोप मण्डलीको देखिने शीर हो, खीष्टको मुनीको उप-शासक, सत्य मण्डलीको गल्ती नगर्ने शिक्षक हो। रोमन क्याथोलिक चर्च।
   एफिसी १:२२,२३, कलस्सी १:१८, लुका २२:२५,२६, मत्ती २०:२५-२८, १पत्रुस५:२,३, मत्ती२३:७-११।
२. मण्डलीको सरकार खीष्टबाट पास्टरलाई नियुक्त गरिएको हो र सम्पूर्ण मण्डलीलाई चाहिँ होइन। इस्टर्न अर्थोडक्स, इपिस्कोपलियन्स, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, मर्मन, इर्भिङ्गजाइटिस, आदी। २कोरिन्थी १:२४, याकूब ४:१२, प्रेरित ६:६, प्रेरित१५:२२,२३, प्रेरित२१:२२, (३यूहन्ना ९)।
३. सबै खीष्टियानहरुले सबै विश्वासीहरुको आमा र शिक्षकको रुपमा रोमन क्याथोलिक मण्डलीको अधिनमा रहनै पर्छ: रोमन क्याथोलिक चर्च, १कोरिन्थी ७:२३, यूहन्ना ३:२९,३०, १पत्रुस५:२,३, मत्ती२३:७-११।
४. मण्डलीको व्यवस्था बनाउने शक्ति हुन्छ र परमेश्वरले आज्ञा नगर्नुभएको कुरामा पनि आज्ञा गर्न सक्छ: रोमन र इस्टर्न क्याथोलिक चर्च, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन इन क्राइष्ट, चर्च अफ न्यू जेरुशलेम, साल्भेसन आर्मी। २थेसलोनिकी२:३,४, १कोरिन्थी७:२३, याकूब४:१२, मत्ती२८:१९,२०, १पत्रुस५:२,३, कलस्सी१:१८, यशैया८:१९,२०, कलस्सी२:८, गलाती१:८, मत्ती१५:३-९, यहोशू २३:६, व्यवस्था४:२।
५. मण्डलीको अध्यादेशहरु परमेश्वरको आदेश जस्तै कर्तव्यनिष्ठ भएर पालन गर्नुपर्छ। रोमन क्याथोलिक र इस्टर्न अर्थोडक्स चर्चहरु, इपिस्कोपलियन्स, प्रेस्बिटरियन, मेथोडिस्ट, इभान्जलिकल यूनाइटेड ब्रेदरेन, इभान्जलिकल कंग्रीगेसनल, यूनाइटेड ब्रेदरेन इन क्राइष्ट,

साल्भेसन आर्मी । १कोरिन्थी ७:३५, रोमी २:१, कलस्सी २:१६,

६. साधारण खीष्टियानहरुमा सिद्धान्त सम्बन्धी न्याय गर्ने, मण्डली सभामा भोट हाल्ने र सल्लाह गर्ने, वा मण्डलीको सरकारमा भाग लिने अधिकार छैन । रोमन क्याथोलिक चर्च । १कोरिन्थी २:१५, १कोरिन्थी १०:१५, १यूहन्ना ४:१, मत्ती ७:१५, प्रेरित१५:२२, प्रेरित २१:२२, रोमी १४:१२, प्रेरित१७:११ ।

## २५. मण्डली र सरकार

**हामी विश्वास गर्छौं** क) मण्डली र सरकार परमेश्वरका अध्यादेशहरु भएता पनि, तिनीहरुलाई मिसाउनु हुँदैन, किनकि तिनीहरुको सम्पूर्ण भिन्न लक्ष्य हुन्छ । ख) मण्डलीबाट परमेश्वरले मानिसहरुलाई बचाउन चाहनुहुन्छ, जबकि सरकारबाट उहाँले मानिसहरुका बीचमा बाह्य सुव्यवस्था गर्न चाहनुहुन्छ । ग) त्यसकारण मण्डली र सरकारले आफ्नो लक्ष्य प्राप्त गर्न प्रयोग गर्ने साधनहरु सम्पूर्ण रुपमा फरक हुन्छन् । घ) मण्डलीले परमेश्वरको वचन प्रचार गर्नेबाहेक अरु कुनै साधन प्रयोग गर्नु हुँदैन र सबै किसिमका बाह्य दवावहरु र वाध्य पार्ने कुराहरुलाई अवज्ञा गर्नुपर्छ, जबकि अर्कोतर्फ सरकारले नागरिक जीवनको लागि कानूनहरु बनाउने र ठीकसँग त्यसलाई प्रयोग गरेर कार्यान्वयन गर्ने र तरवार र अरु सजायहरु पनि दिने गर्दछ ।

क र ख) मत्ती २२:२१ यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ ।
१तिमोथी२:२ राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं ।

ग र घ) यूहन्ना १८:११,३६ येशूले पत्रुसलाई भन्नुभयो, “तरवार म्यानमा हाल । के पिताले मलाई दिनुभएको कचौरा म नपिऊँ ?” ...
येशूले जवाफ दिनुभयो, “मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरु मेरो निम्ति लड्ने थिए,

रोमी १३:४ किनकि तिम्रो भलाईको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदी तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. सरकारको शक्ति मण्डलीको रुचीको विषयमा लगाउनुपर्छ, र मण्डलीले पनि परमेश्वरको वचन प्रयोग गरेर सरकारलाई सहयोग गर्नुपर्छ: रोमन क्याथोलिक चर्च, क्याल्भिनिस्टिक

चर्च । रोमी १३:१,२, १तिमोथी२:१-३, १पत्रुस२:१३-१५, मत्ती१७:२७, मत्ती२२:२१

२. ख्रीष्टियानहरुले निजामती कामकाजको सार्वजनिक कार्यालयमा पदमा बस्नुहुँदैन । क्वेकर्स, मेनोनाइट्स, सेकर्स, डंकर्ड । मत्ती २२:२१, रोमी१३:१,२ ।

३. ख्रीष्टियानहरुले सार्वजनिक कार्यालयहरुमा निजामति कामकाजका पदमा रहनहुन्छ यदी सरकारको संविधानमा परमेश्वर सबै शक्तिका स्रोत हुनुहुन्छ भनेर स्वीकार गरेको हुन्छ । रिफर्मड प्रेस्बिटरियन । मत्ती२२:२१, १तिमोथी२:१-३ ।

४. निजामति सरकारसँग ईश्वरीय अधिकारबाट लडाईहरु घोषणा गर्ने वा शारिरीक दण्ड कार्यान्वयन गर्ने शक्ति हुँदैन । मेनोनाइट्स, क्वेकर्स, रोमी १३:४, उत्पत्ति ९:६, मत्ती २६:५२ ।

५. ख्रीष्टियानहरुले सेना भएर सरकारमा सेवा गर्न हुँदैनः मेनोनाइट, सेकर्स, क्वेकर्स, डंकर्ड, चर्च अफ द न्यू जेरुशलेम, (यहवा विटनेस्) । लुका ३:१४, मत्ती ८:५-७, प्रेरित १०:२८ ।

६. ख्रीष्टियानले सपथ खानु वा संचालन गर्नुहुँदैन । मेनोनाइट, डंकर्ड, क्वेकर्स, आदी हिब्रु ६:१६, उत्पत्ति१४:२२,२३, यूहन्ना १४:९, २शमूयल२१:७, २कोरिन्थी १:२३, फिलिप्पी१:८ ।

## २६. विवाहको बारेमा

**हामी विश्वास गर्छौं** क) विवाहको ईश्वरीय स्थापना जीवनको लागि एक हुने हो, त्यसमा एक पुरुष र एक स्त्री हुन्छिन् । ख) यो बालबच्चाहरु जन्माउन, आपसी सहयोग र सहायकको लागि तिनीहरुको वास्तविक सहमतिबाट स्थापना र जारी रहन्छ, जसले व्यभिचारलाई नियन्त्रण गर्दछ र असल बानीलाई प्रोत्साहन गर्छ र मानिसहरुमा असल संगति हुन्छ । ग) त्यहाँ विवाह विच्छेदको एउटा कारण छ, अर्थात, ब्यभिचार, घ) तैपनि निर्दोष पक्षलाई अर्को पक्षले दुर्भावपूर्ण त्याग गरेमा, त्यो चाहिँ बाध्य हुँदैन । ङ) उचित तरिकाले मगनी भएर मात्रै विवाहमा प्रवेश गर्नुपर्छ, जसमा आमाबाबुको सहमति हुनुपर्छ र विवाह सम्बन्ध र सगोत्रताको व्यवस्था पालन भएको हुनुपर्छ, च) पास्टरलाई विवाह गर्न निषेध गर्नुहुँदैन, छ) ख्रीष्टियानहरुले विवाहमा आफैले यस्तो गर्नुपर्छ ताकि यो भू-सम्पतिले पनि परमेश्वरको महिमा फर्काउन सकोस् र तिनीहरुको आफ्नै र अरुहरुको आत्माको पनि कल्याण हुन सकोस ।

क) रोमी७:२ एउटी विवाहिता स्त्री उसको पति बाँचुन्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छे, तर यदी उसको पति मर्‍यो भने पति सम्बन्धको कानूनबाट ऊ मुक्त हुन्छे ।

उत्पत्ति२:२४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र तिनीहरु एउटै शरीर हुन्छन् ।

मत्ती १९:४-६ तर उहाँले भन्नुभयो, “के तिमीहरुले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरुलाई

सुरुमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोडेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र ती दुईजना एउटै शरीर हुनेछन् ।" ती अब दुई होइनन् तर एउटै शरीर हुन्छन्, । यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस् ।

ख)उत्पत्ति २४:५८ अनि तिनीहरुले रिबेकालाई डाकेर भने, "के तिमी यस मानिसको साथमा जान्छ्यौ?" तिनले भनिन्, "म जान्छु ।"
उत्पत्ति १:२८ परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो, र तिनीहरुलाई भन्नुभयो, "फल्दै-फुल्दै, बृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रका माछाहरु, आकाशका पक्षीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरुमाथि अधिकार गर ।

एफिसी५:३३ जे भए पनि तिमीहरु हरेकले आफ्नी पत्नीलाई आफैलाई झैँ प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस् ।

१कोरिन्थी७:२-५ तर व्यभिचार सम्बन्धी परिक्षा अनेक भएका हुनाले हरेक मानिसकी आफ्नै पत्नी होस् । पतिले आफ्नी पत्नीलाई उसको बैवाहिक हक दिओस्, र यसरी नै पत्नीले पनि आफ्नो पतिलाई । पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ । यसरी नै पतिले पनि आफ्नो शरीरमाथि अधिकार राख्दैन, तर उसको पत्नीले राख्छे । पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर । इन्कार गऱ्यौ भने पनि आपसमा सल्लाह गरेर केहि समयको निम्ति मात्र, ताकि तिमीहरु प्रार्थनामा लागिरहन सक । तब फेरी एकसाथ बस ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरुलाई परिक्षामा नपारोस् ।--हेर्नुहोस्: उत्पत्ति२:२२-२४, भजनसंग्रह१२८:२,३ ।

ग) मत्ती ५:३२ तर म तिमीहरुलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरु कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ ।

मत्ती १९:३-६ फरिसीहरु उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण स्वास्नीसँग विवाहविच्छेद गर्न उचित छ ?" उहाँले भन्नुभयो,"के तिमीहरुले पढेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरुलाई शुरुमा नै नर र नारी बनाउनुभयो, र भन्नुभयो, "यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोडेर आफ्नी स्वस्नीसँग मिलिरहन्छ, र ती दुइजना एउटै शरिर हुनेछन् । ती अब दुइ होइनन् तर एउटै शरीर हुन्छन् । यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्टयाओस् ।"

रोमी ७:२ एउटी विवाहिता स्त्री उसको पति बाँचुञ्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छे, तर यदी उसको पति मर्‍यो भने पति सम्बन्धको कानूनबाट ऊ मुक्त हुन्छे ।

घ) १कोरिन्थी ७:१५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस् । यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति वा पत्नी कुनै बन्धनमा रहनेछैन । किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो ।

ङ)उत्पत्ति२४:५८ अनि तिनीहरुले रिबेकालाई डाकेर भने, “के तिमी यस मानिसको साथमा जान्छ्यौ?” तिनले भनिन्, “म जान्छु ।”

एफिसी ६:२,३ आफ्ना बाबु र आमाको मान गर । (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), कि तिमीहरुलाई भलो होस्, र पृथ्वीमा तिमीहरु दीर्घायु होओ ।
१कोरिन्थी ५:१ तिमीहरुका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरुमा पनि हुँदैन । तिमीहरुमध्ये कुनै एक जनाले आफ्नै बाबुकी स्वास्नी राखेको छ अरे ।--हेर्नुहोस लेबी १८:६, लेबी २०:११

१कोरिन्थी ९:५ के अरु प्रेरितहरु जस्तै, प्रभुका भाइहरु र केफासलाई जस्तै हामीलाई पनि पत्नी लिएर हिँड्ने अधिकार छैन र ?

च) रोमी १३:१३ दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं । मोजमज्जामा, मतवालीपनामा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र डाहमा होइन ।

एफिसी ५:३,४ तर तिमीहरुका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत नलिइओस्, जो सन्तहरुका बीचमा हुन सुहाउँदैन । कुनै अश्लील कुरा, मूर्ख बातचीत अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन् । तर बरु धन्यवाद दिने काम होस् ।

फिलिप्पी ४:८ अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्याय-संगत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केहि छ भने यी नै कुराका विचार गर ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. विवाह ख्रीष्टले स्थापना गर्नुभएको पवित्र संस्कार हो र यसले आशिष दिन्छ, अविवाहित रहनु ठीक भएता पनि, परमेश्वरलाई बढी खुशी पार्ने अवस्था हो । रोमन क्याथोलिक चर्च । उत्पत्ति २:१८, मत्ती १९:४, यूहन्ना २:१-११, भजनसंग्रह १२८, १तिमोथी५:४, (

विवाह पवित्र संस्कार होइन, पास्टरलाई अविवाहित रहन दवाव दिने काम चाहिँ अत्याचार हो जसबाट पोपले पनि आफैलाई खीष्टविरोधी प्रकट गरेका थिए।) मत्ती१९:१०-१२, १तिमोथी४:१-५ ।

२. विवाह धर्मको एउटा भाग हो, र विवाहविना कसैले पनि मुक्तिको पूर्णता प्राप्त गर्न सक्दैनः मर्मन १कोरिन्थी७:७,९,२५,४० ।

३. विश्वासीहरु पुनरुत्थानका सन्तान भएका हुनाले विवाह गर्नुहुँदैनः सेकर्स हिब्रु १३:४, एफिसी५:३-५, १कोरिन्थी६:९,१०, (७:२,९:५) ।

४. पास्टरले विवाह गर्नुहुँदैनः रोमन क्याथोलिक चर्च ।१तिमोथी३:२,४, हिब्रु१३:४, १तिमोथी४:३, १कोरिन्थी९:५, मत्ती४:७ ।

५. धर्मशास्त्रमा बहुविवाहलाई निषेध गरिएको छैन तर आज्ञा गरिएको छः मर्मन । मत्ती१९:४-६

६. विधीसम्मत मगनीमा आमाबाबुको सहमति आवश्यक छैनः रोमन क्याथोलिक चर्च । प्रस्थान२०:१२, कलस्सी३:२०, प्रस्थान २२:१६, गन्ती ३०:४-६ ।

७. विवाह सम्बन्ध र सगोत्रता सम्बन्धी धर्मशास्त्रीय आज्ञाबाट मुक्त गर्ने शक्ति मण्डलीमा हुन्छः रोमन क्याथोलिक चर्च, याकूब४:१२, १कोरिन्थी७:२३, मत्ती२२:१३, मत्ती१५:३-९, व्यवस्था४:२, यहोशू२३:६ ।

८. कुनै पनि कारणमा सम्बन्ध विच्छेद र निर्दोष पक्षलाई पुनःविवाह गर्ने अनुमति दिनहुन्नः रोमन क्याथोलिक चर्च, मत्ती५:३२, १कोरिन्थी७:१०,११,१५ ।

## २७. मृतकहरुको पुनरुत्थानको बारेमा

**हामी विश्वास गर्छौं** कि अन्तको दिनमा मृतकहरु जीवित हुनेछन्, तिनीहरुको आत्मा, अहिले भएको शरिरमा नै लुगा लगाएर नै खडा हुनेछन् ।

दानियल १२:२ पृथ्वीको धुलोमा सुतेका भीडहरु उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरुहरुचाहिँ शर्म र अनन्त तिरस्कारको लागि ।

अयूब १९:२५-२७ तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ । अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु । म आफ्नै आँखाले उहाँलाई देख्नेछु, म आफैले नै देख्नेछु, अरु कसैले होइन ।

यूहन्ना ११:२४,२५ मार्थाले उहाँलाई भनिन्, “म जान्दछु, कि त्यो अन्त्यका दिनको पुनरुत्थानमा फेरि जीवित भई उठ्नेछ ।” येशूले तिनलाई भन्नुभयो,“पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. ती आत्महरु जसले अस्थायी सजायको लागि अझसम्म तिनीहरुको पापको प्रायश्चित गरेका छैनन्, तिनीहरुले अनन्त जीवनमा प्रवेश गर्नुभन्दा पहिला पापमोचनस्थानमा शुद्धिकरण गर्नुपर्छ, तर तिनीहरु पापमोचनस्थानको सजायबाट जीवितहरुका प्रार्थनाले मुक्त हुनसक्छन्: रोमन क्याथोलिक चर्च, लुका २३:४३, लुका१६:२२,२३, यूहन्ना ३:३६, यूहन्ना५:२४, फिलिप्पी१:२३, गलाती६:८,१०, हिब्रु९:२७, ग्रीक क्याथोलिक चर्चले पनि ।

२. धर्मीजनको आत्मामा न्यायको दिनभन्दा अगाडी पूर्ण मुक्ति हुँदैन, कि पापीको आत्माले न्यायको दिनभन्दा अगाडी नरकको पूर्ण यातना भोग्दैन, र आत्माहरु दु:खको बन्धनबाट मध्यस्थता, दान, यूकारिस्टको रगतविनाको बलिदानद्धारा स्वतन्त्र गर्न सकिन्छ: इस्टर्न अर्थोडक्स चर्च ।

   लुका २३:४३, लुका २:२९, उपदेशक११:३, मत्ती७:१३,१४, हितोपदेश११:७ ।

३. आत्माहरु मृत्युपछि र न्यायको अगाडी धर्म परिवर्तन गर्न सकिन्छ । सेकर्स, स्पिरिटिस्ट,मर्मन, यूहन्ना९:४, उपदेशक११:३, हितोपदेश११:७ ।

४. मृतकहरुका आत्माहरुले नता परम आनन्द नता दण्ड पाउँछन् । यूनिटरियन्स । हिब्रु९:२७, लुका१६:१९-३१, लुका २३:४३ ।

५. आत्माहरु पनि मरणशील छन्, र यसकारण मृतकहरु नता स्वर्गमा, नता नरकमा, तर चिहानमा सुत्छन् । एडभेन्टिस्ट, सेभेन्थ डे एडभेन्टिस्ट ।

   उत्पत्ति२५:८, यूहन्ना१७:२४, प्रकाश६:१०, लुका१६:१९-३१, (२कोरिन्थी५:६-८) ।

६. मरेपछि सबै मानिसहरु अझ राम्रो संसारमा प्रवेश गर्छन्: यूनिभर्सलिस्ट, स्पिरिटिस्ट, खीष्टियान साइन्टिस्ट, मोर्डनीस्ट, लुका१६:१९-३१, मत्ती२२:३१,३२, मत्ती १०:२८,(मत्ती२५:४१)

७. शरिरको पुनरुत्थान हुँदैन: यूनिटरियन्स, क्वेकर्स, सेकर्स, चर्च अफ द न्यू जेरुशलेम, यूनिभर्सलिस्ट, रसेलाइट्स, खीष्टियान साइन्टिस्ट, मार्डनिस्ट, दानियल१२:२, यूहन्ना११:२४,२५, मत्ती२२:३१,३२, १कोरिन्थी१५:१२ ।

८. न्यायको दिनभन्दा अगाडी, हजार बर्ष शासन हुनेछ, जुन अवधीमा धर्मी जनले खीष्टसँग पृथ्वीमा हजार बर्ष शासन गर्नेछ: इर्भिङ्गजाइटिस, एडभेन्टिस्ट, मर्मन, रसेलाईट्स, सामान्यतया प्रिमिलिन्यरियन्स, (डिस्पेन्सेसनलिस्ट) । यूहन्ना५:२८,२९, २थेसलोनिकी१:७, प्रेरित१७:३१, (प्रकाश२०:४) ।

## २८. न्यायको बारेमा

**हामी विश्वास गर्छौं** क) अन्तको दिनमा खीष्ट देखिने गरि जीवित र मृतकहरुको न्याय गर्न आउनुहुनेछ, ख) उहाँले तिनीहरु सबैलाई महिमामा स्वीकार गर्नुहुन्छ जसले उहाँलाई अन्तसम्मै विश्वास गर्दछन् । ग) र उहाँले तिनीहरु सबै जसले उहाँलाई आफ्नो मुक्तिदाताको स्वीकार गर्न

मानेनन् तिनीहरु सबैलाई अनन्त विनाशको घोषणा गर्नुहुनेछ ।

क) प्रेरित१:११, यही येशू, जो तिमीहरुबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरुले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरी आउनुहुनेछ ।

प्रेरित १७:३१ किनकि उहाँले एकदिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्धारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरुलाई यसको प्रमाण दिनुभएको छ ।

रोमी१४:१० तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ ? अथवा तिमी किन आफ्नो भाइलाई तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खडा हुनेछौं ।
हेर्नुहोस मत्ती२५:३१-४६

ख र ग) २कोरिन्थी५:१० किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।

मत्ती२५:३१-४६ जब मानिसको पुत्र सारा स्वर्गदूतहरुसँग आफ्ना महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । र उसको सामुन्ने सबै जातिहरु भेला हुनेछन्, र जसरी गोठालाले भेडा र बाख्रालाई छुट्टायाउँछ, त्यसरी नै उसले तिनीहरुलाई एउटालाई अर्काबाट अलग गर्नेछ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. ख्रीष्ट जीवित र मृतकहरुलाई न्याय गर्न आउनुहुनेछैन: चर्च अफ द न्यू जेरुशलेम, सेकर्स, यूनिटरियन्स, यूनिभर्सलिस्ट, ख्रीष्टियान साइन्टिस्ट, मोर्डनिस्ट । १थिस्सलोनिकी५:१-३, मत्ती२५:३१-४६ ।
२. सबैजना ख्रीष्टको न्याय आसन अगाडी देखा पर्नुपर्दैन: सेभेन्थ डे एडभेन्टिस्ट । २कोरिन्थी५:१०, रोमी१४:१०
३. ख्रीष्टको दोस्रो आगमन अघिबाटै निश्चित गर्न सकिनेछ: एडभेन्टिस्ट, रसेलाइट्स, मत्ती२४:३६, लुका२१:३४-३६, मर्कुस१३:३२, २पत्रुस३:१०
४. न्यायको दिनभन्दा अगाडी ख्रीष्टले पृथ्वीमा हजार बर्ष शासन स्थापना गर्नुहुनेछ: कंग्रीगेसनल ख्रीष्टियान, इर्भिङ्गजाइटिस, मर्मन, एडभेन्टिस्ट, रसेलाइट्स, प्रिमिलियनेरियन्स, लुका१७:२०,२१, रोमी १४:१७, यूहन्ना१८:३६, १कोरिन्थी३:२१-२३, २तिमोथी४:१८, १थेसलोनिकी४:१६, यूहन्ना१४:३, मत्ती२५:३१-४६ ।

## २९. अनन्त जीवन र अनन्त दण्ड

**हामी विश्वास गर्छौं** क) जसै आशिषितको जीवन अनन्त हुन्छ, त्यसरी नै ख) नरकमा अधर्मीको दण्ड पनि अनन्त हुन्छ ।

क) १थेसलोनिकी४:१६,१७ किनकि प्रभु स्वयं हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरुचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरु प्रभुलाई आकाशमा भेट्न तिनीहरुका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं ।

प्रकाश २:१० तिमीले भोग्नैलागेका कष्टहरुसँग नडराओ । हेर दियाबलसले तिमीहरुमध्ये तिमीहरुमध्ये कतिलाई तिमीहरुका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिमीहरुलाई दशै दिन कष्ट हुनेछ । तिमी मृत्युसम्मे विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।

यूहन्ना१४:२, मेरा पिताको घरमा बस्ने ठाउँहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्नेथिएँ र कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? --हेर्नुहोस मत्ती२५:३१-४६

ख)२थेसलोनिकी१:७-१० र तिमी कष्ट पाएकाहरुलाई हामीहरुसँगै आराम दिनुहुन्छ । यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरुसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्, जब त्यस दिन उहाँका सन्तहरुमा महिमा पाउन र विश्वास गर्नेहरु सबैलाई आश्चर्यचकित पार्न उहाँ आउनुहुनेछ, किनभने तिमीहरुलाई दिएको हाम्रो साक्षीमा तिमीहरुले विश्वास गर्‍यौ ।
हेर्नुहोस मत्ती२५:३५-४६ ।

**हामी तल दिइएका अधर्मशास्त्रीय शिक्षाहरु इन्कार गर्दछौं:**

१. सबै मानिसहरुले स्वर्गमा अनन्त मुक्तिको उत्तराधिकार प्राप्त गर्नेछन्: यूनिटरियन्स, मोर्डनिस्ट, लजरी, हिब्रु ४:३,९,११, मर्कुस१६:१६, यूहन्ना३:१८,३६ ।
२. दुष्टले अनन्त दण्ड सहनेछैनः यूनिभर्सलिस्ट, यूनिटरियन्स, सेकर्स, मर्मन, स्पिरिटिस्ट, ऱ्यासनलिस्ट, रसेलाइट्स, सेभेन्थ डे एडभेन्टिस्ट, मोर्डनिस्ट । २थेसलोनिकी२:७-१०, यशैया१६:२४, दानियल१२:२, मत्ती२५:१०, मत्ती २५:४१, मत्ती५:२६ ।
३. दुष्ट पूर्ण रुपमा नष्ट हुनेछः सेभेन्थ डे एडभेन्टिस्ट, रसेलाइट्स, प्रकाश१४:११, प्रकाश२१:८, मत्ती २५:४१, मर्कुस९:४३-४८ ।